नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

वर्ष १ | अंक १८२ | २०८० साल वैशाख ३१ गते आइतबार | Sunday 14, May.2023 | पृष्ठ ८ | मूल्य रु. ५/-



मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो 'त्रिशक्ति' को कमाल
त्रिशक्ति ट्रेक्टर


## बसका कर्मचारी नै लागूऔषध कारोबारी !



"एक सय एमएलको कोडीवेल ८९ बोतल, नोफिन २ एमएलको ९१ थान, डाइजीपाम २ एमएलको ९१ थान, फेनारगन २ एमएलको २ सय ७४ थान, नाइट्रोभेट ३ सय थान, निट्जा केयर ९ सय थान र दर्जीको साथबाट कोडीवेल कफसिरप १ सय एमएलको ९८ थान लागूऔषधसहित पक्राउ परेको छ।"

**मधेशदृष्टि**
**सर्लाही।**

बरहथवा-५,चोर्निया पुलबाट प्रहरीले ठूलो परिमाणको लागुऔषधसहित दुई जनालाई पक्राउ गरेको छ। पक्राउ परेका दुवै बसका कर्मचारी रहेको प्रहरीले जनाएको छ।

गोडैता नगरपालिका-११ का २२ वर्षीय अजय सहनी र सोही ठाउँका ३२ वर्षीय ताजबावु दर्जी बिहीबार पक्राउ परेका हुन्। मधुवनबाट काठमाडौं जाँदै गरेको यात्रुबाहक बसबाट लागूऔषधसहित पक्राउ परेका उनीहरुलाई इलाका प्रहरी कार्यालय बरहथवामा पत्रकार सम्मेलन गरी सार्वजनिक गरिएको हो।

छिमेकी मुलुक भारतसँग सीमा जोडिएको मधुवनबाट काठमाडौँ जाँदै गरेको बागमती प्रदेश ०६-००१ ख ०००३ नम्बरको यात्रुबाहक बसलाई इलाका प्रहरी कार्यालय बरहथवा र सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेस सुन्दरपुरको संयुक्त टोलीले चेकजाँच गर्ने क्रममा सहनीको साथबाट लागूऔषध एक सय एमएलको कोडीवेल ८९ बोतल, नोफिन २ एमएलको ९१ थान, डाइजीपाम २ एमएलको ९१ थान, फेनारगन २ एमएलको २ सय ७४ थान, नाइट्रोभेट ३ सय थान, निट्जा केयर ९ सय थान र दर्जीको साथबाट कोडीवेल कफसिरप १ सय एमएलको ९८ थान लागूऔषधसहित पक्राउ परेको इलाका प्रहरी कार्यालय बरहथवाका प्रहरी नायव उपरीक्षक मकेन्द्र कुमार मिश्रले जानकारी दिए । पक्राउ परेका सहनी गाडीका सहचालक र दर्जी कण्डक्टर रहेको बुझिएको छ।

# महन्थले नै भत्काए गिनिजबुकमा सूचीकृत 'बौवा हनुमान' मन्दिर

*धेरै पुरानो मन्दिर रहेकाले जीर्ण हुँदै गर्दा यसको संरक्षणका लागि नयाँ मन्दिर निर्माण गर्न लागिएकाले भत्काउनु परेको हो। मन्दिर सञ्चालनमा विगतदेखि नै कठिनाइ हुँदै आएकाले केही व्यावसायिक प्रयोजनका लागि भवन निर्माण गरी आयआर्जनको स्रोतमार्फत दैनिक पूजा अर्चना हुने उद्देश्यले यस्तो गरिएको हो।*

***–महन्थ नवलशरण***





**मधेशदृष्टि**
**जनकपुरधाम।**

पछिल्लो समय साविकको जनकपुरधाममा रहेको करिब ९२ प्रतिशत गुठीको जग्गा, मठमन्दिरदेखि कुटीसमेत अतिक्रमणको शिकार भएको छ भने हुने क्रम जारी छ। भूमाफियाको चंगुलमा फसेर ऐतिहासिक धार्मिक तथा संस्कृतिसँग जोडिएका पहिचानसमेत सखाप हुँदै गएको छ भने बाँकी कुटीमा समेत भूमाफियाको गिद्धे नजर परेको छ। यसमा पनि सरकारले १५ लाख रुपैयाँ दियो भन्दैमा ऐतिहासिक मन्दिर भत्काउने कार्यमा महन्थ नै अघि सरेपछि जनकपुरको धार्मिक सभ्यता र सम्पदा नासिने नै भयो।

धार्मिक महत्व बोकेको सुन्दर सदन (अग्नि कुण्ड) अन्तर्गत रामानन्द चोकस्थित हनुमन्त दरबार मन्दिर भत्काइएको छ। हनुमन्त दरबार मन्दिर भत्काइएपछि जनकपुरधामका स्थानीयसमेत आक्रोशित छन् । एक सय वर्ष भन्दा बढी समयदेखि एक भारतीय बाबाले निर्माण गरेको हनुमन्त दरबार मन्दिरको समुल नष्ट हुने गरी एक्कासी भत्काइएपछि मन्दिरमा रहेको भगवानको प्रतिमा पनि धार्मिक अनुष्ठानको नियम पालना नै नगरी होटेलमुनि राखिएकामा स्थानीयले चिन्ता गरेका छन्।

प्राणप्रतिष्ठा भएको भगवानको प्रतिमाको पूजापाठ अर्चना व्यवस्थितरुपमा नियमसम्मत श्रद्धापूर्वक हुनुपर्छ। तर जथाभावी भवन बनाउने नाममा मन्दिर नै लोप हुने गरी अतिक्रमण गरिएको भन्दै जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर ४ का निवर्तमान वडाअध्यक्ष सुदर्शन सिंहले आक्रोश जनाए।

श्रद्धालु भक्तजन, साधुसन्त तथा स्थानीयसँग पनि मन्दिर भत्काउने विषयमा सरसल्लाह नै नगरेको भन्दै लोकतान्त्रिक समाजवादी पार्टी नेपालका नेतासमेत रहेका सिंहले भने, 'हनुमन्त दरबार जनकपुरधामस्थित रामानन्द चोकको मन्दिर हो, आखिर किन भत्काइयो ? कसैको नजर परेको छैन, यो गम्भीर बिषय भए पनि समाजमा धार्मिक जग्गा अतिक्रमण गरी धार्मिक सांस्कृतिक पहिचान विलिन गर्ने काम भइरहेको छ।'

रामानन्द चोक क्षेत्र वरिपरिका मन्दिरहरुको जग्गामा पहिलेदेखि नै भूमाफियाको आँखा पर्दै आएको भन्दै अब मन्दिर पनि भत्काउन थालेकामा स्थानीय किसन मण्डलले दुःख व्यक्त गरे।

ऐतिहासिक धार्मिक हनुमन्त दरबार मन्दिरमा बौवा हनुमान विश्वमै प्रख्यात रहेको सबैभन्दा ठूलो बाँदर थियो। श्रद्धालु भक्तजनले बाँदरलाई हनुमान भगवानको साक्षात् स्वरुप भन्दै पूजा अराधना गर्न दूरदराजका गाउँठाउँबाट आउथेँ । हनुमन्त दरबार मन्दिरमा रहेको बाँदर विश्वकै सबैभन्दा ठूलो बाँदरको रहेको भनी गिनिज बुक अफ वर्ल्ड रेकर्डमा समेत नाम उल्लेख गरिएको छ । जसले गर्दा यस मन्दिरलाई ऐतिहासिक मन्दिरको रुपमा समेत लिने गरिन्छ।

यस मन्दिरमा अखण्ड रामनामको किर्तनसमेत हुन्थ्यो । निरन्तररुपमा तीन दशकसम्म चलेको अखण्ड किर्तन मन्दिर भत्किएसँगै धार्मिक किर्तनका गुञ्ज केही वर्षदेखि भूमाफियाका कारण बन्द भएको छ । अखण्ड किर्तन हुने स्थानमा अहिले ठूला व्यापारिक महल निर्माण गरी मन्दिरलाई ओझेलमा पारेर लोपोन्मुख अवस्थामा पुऱ्याएको छ।

जसले गर्दा सुन्दर सदन अन्तर्गत हनुमन्त दरबारको अस्तित्व संकटमा परेको छ। आउने दिनमा दरबार नै अतिक्रमणको चपेटमा परी लोप हुने अवस्थामा रहेको स्थानीय युवा नेता सुशील कर्णको बुझाइ छ।

समुल नष्ट हुने गरी मन्दिर भत्काउने कार्यमा सुन्दर सदन मन्दिरका महन्थ नवलशरणको हात रहेको स्थानीयको आरोप छ। हनुमन्त दरबारको जग्गामा पहिला उनले ठूला महल ठड्याइएका थिए। मन्दिरको जग्गामा रहेको अखण्ड किर्तन कक्षलाई भत्काएर निर्माण गरिएको महलमा होटेल, मल, प्रिन्टिङ प्रेसलगायतका सञ्चालनमा छ। करिब अढाइ कठ्ठा क्षेत्रफलमा फैलिएको मन्दिरको जग्गामा पहिला धर्मशाला थियो । जहाँ विभिन्न धार्मिक यात्रामा आउने तिर्थालु रात बिताउन धर्मशाला बनाइएको थियो। तर नवलशरण महन्थ भएपछि त्यहाँ ४ तले महल निर्माण गरिएको छ। महल निर्माण गरेको करिब तीन वर्षपछि मन्दिर नै भत्काइएको छ।

तर महन्थ नवलशरणले भने, 'धेरै पुरानो मन्दिर रहेकाले जीर्ण हुँदै गर्दा यसको संरक्षणका लागि नयाँ मन्दिर निर्माण गर्न लागिएकोले भत्काउनु परेको हो ।' मन्दिर सञ्चालनमा विगतदेखि नै कठिनाइ हुँदै आएकाले केही व्यावसायिक प्रयोजनका लागि भवन निर्माण गरी आयआर्जनको स्रोतमार्फत दैनिक पूजा अर्चना हुने उद्देश्यले गरिएको उनले बताए।

मन्दिर निर्माणका लागि मधेश प्रदेश सरकारले १५ लाख रुपैयाँ बजेट उपलब्ध गराएपछि भत्काएर नयाँ बनाउन थालिएको उनले बताए। तर बजेटले मन्दिर निर्माण हुन नसक्ने भएकाले दाताको खोजीसमेत भइरहेको उनको भनाइ छ।

यता जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर ८ का वडा अध्यक्ष दिनेश कुमार सिंहले महन्थ नवलशरणलाई मन्दिर किन र के कारणले भत्काएको भन्दै पत्र काटेका छन्। जनकपुरधाम उपमहानगरपालिकामा पनि मन्दिर भत्काएर जग्गा लिजमा लगाउने चाहेको भन्दै भक्तजनले उजुरीसमेत दिएको छ।

जनकपुरधामको रामानन्द चोकको मूल स्थलमा रहेको जग्गा अहिले अर्बौं रुपैयाँ मूल्य बराबरको हो।

# मधेश र बागमतीमा फैलँदै रात्रीबजार




**मधेशदृष्टि**
**वीरगंज।**

वीरगंज महानगरले सञ्चालन गरेको रात्रीबजारको दोस्रो संस्करण शनिबार सकिएको छ। महानगरले २०७९ चैत मसान्तमा नयाँ वर्ष पारेर तीन दिन रात्रीबजार सञ्चाल गरेको थियो । त्यही बजार सफल देखिएपछि उत्साहित भएर हरेक महिना अन्तिम शुक्रबार र शनिबार वीरगंजमा रात्रीबजार सञ्चालन गरिने निर्णय भएको थियो। सोही अनुरुप दोस्रो संस्करणको रात्रीबजार शनिबार सकिएको हो।

शुक्रबार र शनिबार लगाइएको रात्रीबजारमा वीरगंज, भारतीय सहर, बारा, पर्सा, रौतहटका अलावा बागमती प्रदेशको हेटौँडा र नारायणगढबाट पनि सहभागिता थियो । 'रात्रीबजारको दोस्रो संस्करण पनि उत्साहवर्द्धक रह्यो, हामीले सोचेजस्तै सफलता पाइरहेका छौँ,' महानगरका मेयर राजेशमान सिंहले भने, 'जनसहभागिता बढ्दो छ, शिथिल अर्थतन्त्रलाई उठाउन यस्ता मेलाहरु सकरात्मक देखिएका छन्।'

रात्रीबजारमा स्थानीय उत्पादन, खानाका परिकार, उपभोग्य बजारका अलावा भारतको बंगालबाट मसाज, मेन्दीलगाउने टोली आएर सेवा दिएको थियो। सडकमै मसाज सेवा दिइएको थियो।

## चितवनमा जेठमै रात्रीबजार



चितवन उद्योग वाणिज्य संघ र भरतपुर महानगरपालिकाको संयोजनमा चितवनमा पनि जेठ १५ गते रात्रीबजार आयोजना हुने भएको छ। वीरगंज रात्रीबजार अनुगमन, अवलोकनमा चितवनबाट आएको टोलीले भरतपुरमा पनि रात्रीबजार सञ्चालनका लागि अनुभव हासिल गरेको छ । टोल विकास रात्रीबजार सञ्चालन संस्थाका अध्यक्ष एवम् समितिका संयोजक देवेन्द्र श्रेष्ठले भने, 'हामी जेठ १५ गते रात्रीबजार लगाउने तयारीमा जुटेका छौँ, निर्धारित समयमै नभए पनि एक दुई दिन तलमाथि होला, तर रात्री बजार लगाउँछौँ।' उनले महानगर, संघ, टोल विकास संस्थाका पदाधिकारी र सरोकारवाला समूहले शनिबार बीरगंजको रात्रीबजार अवलोकन गरेर अनुभव लिइएको बताए।


मधेश प्रदेशको राजधानी जनकपुरमा पनि रात्रीबजार सञ्चालनको बहस र तयारी सुरु भएको छ। पढ्नुहोस् पृष्ठ ८ मा।





# नागरिकलाई नेपाली नागरिकता देउः यादव




**मधेशदृष्टि**
**वीरगंज।**
राष्ट्रिय एकता अभियानका अध्यक्ष विनय यादवले राष्ट्रियताका नाममा कतिपय नेपाली नेताले भारत विरुद्ध अभियान चलाईरहेको भन्दै आपत्ति जनाएका छन्।

बाराको कलैयामा शनिवार आयोजित ' नेपाल प्रति चीनको अभ्यास र असर' विषयक अन्तर्क्रियामा उनले ग्रेटर नेपालका नाममा भईरहेको राष्ट्रियताको राजनीतिलाई 'चीनियाँ जादु' को संज्ञा दिर्दै यादवले टिस्टादेखि कांगडासम्मका कुरा उठाएर चिनियाँको दलाली गरेको आरोप लगाए।

यादवले भने, 'टिस्टादेखि कांगडासम्म नेपाल हो भने पहिला त्यहाँका नागरिकता देउ ।' उनले चिनियाँ अभियानको विरोध गरेका छन् । उनले नेपाली अनुहारका कतिपय चिनियाँलाई नागरिक नभएपनि उनीहरुलाई जमिन मात्रै चाहिएको भन्दै आक्रोशित हुदैं आरोप लगाए।

उनले नेपाललाई चीनले तिब्बत बनाउने षड्यन्त्र गरिरहेको आरोप लगाए। उनले भने, 'चीनले अहिले पनि नेपालको सीमा मिचिरहेको तर, त्यसका विषयमा भने कोही बोल्न चाहेका छैनन्।'

त्यस्तै संविधान सभा सदस्य बिपि यादवले शरणार्थीको नाममा भएको भ्रष्टाचारमा चीन र पाकिस्तानकोसमेत संलग्नता रहेको हुन सक्ने आशंका व्यक्त गरे।

उनले नेपाली नेताहरुलाई पैसा को प्रलोभनमा पारी चिनियाँ र पाकिस्तानीहरु आतंककारीहरुलाई अमेरिका पाठएको संदेह भएको भने।

अभियानी गोपाल दास बैरागीको अध्यक्षतामा भएको कार्यक्रममा हिन्दू स्वयमसेवक संघका जिल्ला संयोजक रामबाबू साह, गोपाल सेवा समितिका अध्यक्ष जंगबहादुर यादव, प्रध्यापक किशोरी राम, अधिवक्ता अजय स्वर्णकार लगायतकाले बोलेका थिए । अभियानको भ्रातृसंगठन राष्ट्रीय विधार्थी परिषद्का संयोजक विवेक कुशवाहाले संचालन् गरेका थिए।

# छानविनमा संवेदनशील हुनुपर्छ : नेपाल

## राष्ट्रिय सम्मेलन काठमाडौंमा गर्ने

नेकपा (एकीकृत समाजवादी) निकट जनसांस्कृतिक महासङ्घको केन्द्रीय कार्यसमितिको पूर्ण बैठकले आगामी भदौ ९ गते राष्ट्रिय सम्मेलन काठमाडौंमा गर्ने निर्णय गरेको छ। पार्टी केन्द्रीय कार्यालयमा आज सम्पन्न बैठकले अध्यक्ष कृपाराम धमलाको संयोजकत्वमा ९५ सदस्यीय सम्मेलन आयोजक समिति गठन गरेको छ।

बैठकमा प्रस्तुत गरिएको साङ्गठनिक एवं रणनीतिक प्रतिवेदनमा कलाकारिता क्षेत्रमा थप व्यवसायिकता, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिको समीक्षासहित कलाकारको हक, हित र अधिकारको संरक्षणसम्बन्धी विषयमा छलफल भएको थियो । बैठकले नक्कली शरणार्थीलाई विदेश पठाउने गिरोहमाथि सरकारले सुरु गरेको कारबाही प्रक्रियाको स्वागत गरेको थियो।

सङ्गठनको जिल्ला तथा प्रदेशको अवस्था, सदस्यता नवीकरण, प्रतिनिधि छनोटका मापदण्ड, कलाकारले सामाजिक रुपान्तरण, उनीहरूको अधिकार संरक्षणसम्बन्धी विषयमा छलफल गरेको अध्यक्ष धमलाले जानकारी दिए।

शुक्रबार र शनिबार चलेको बैठकमा मोर्चा फाँटका उपप्रमुख भवेश्वर पराजुलीले भ्रष्टाचारका विरुद्ध र सुशासनको पक्षमा कलाकारले सिर्जना गर्ने विषयवस्तुले समाजलाई सकारात्मक रुपान्तरण गर्न प्रभाव पार्ने बताए।

महासङ्घका अध्यक्ष धमलाले परिवर्तनका लागि भएका लोकतान्त्रिक आन्दोलनमा कलाकारको सहभागिता रहेको भए पनि लोकतन्त्रको रक्षाका लागि पुनः कलाकार एकताबद्ध हुनुपर्नेमा जोड दिए।

**रासस**
**काठमाडौं।**
नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले नक्कली शरणार्थी प्रकरणमा प्रहरीले गर्ने छानविनलाई सरकारले हस्तक्षेप गर्न खोजेमा आफ्नो पार्टीको सहयोग नरहने बताएका छन् । पार्टीको उपत्यका र सम्पर्क विशेष प्रदेश कमिटीले आज काठमाडौंमा आयोजना गरेको कार्यक्रममा अध्यक्ष नेपालले सङ्गठित अपराधका रूपमा रहेको उक्त विषय राष्ट्रका विरुद्ध भएकाले सरकार संवेदनशील हुनुपर्ने बताए।



सरकारले घटनालाई ढाकछोप गरी कमजोर बनाउन खोजेमा साथ दिनुपर्ने बाध्यता नरहेको प्रष्ट पार्दै उनले कानुन सबैलाई समान रहेकाले उच्च ओहोदामा रहेका व्यक्तिलाई उन्मुक्ति दिन नहुने बताए । कम्युनिष्ट सिद्धान्तमा आबद्ध नेता नै देशद्रोही काममा संलग्न हुनु दुःखदायी विषय भएको उनको भनाइ थियो ।अध्यक्ष नेपालले माओवादी र कांग्रेसका कतिपय व्यवहारबाट आफू सन्तुष्ट नरहेकाले सचेत गराउनु पार्टीको कर्तव्य रहेको बताए । अहिले पनि नेकपा ब्युँत्याउने उद्देश्यले साना छरिएका कम्युनिष्ट शक्तिलाई एकताबद्ध बनाउन गृहकार्य भइरहेको जानकारी दिए।

# भ्रष्टाचार अन्त्य गर्न लागिपरेका छौं : मन्त्री

**रासस**
**काठमाडौं।**
सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमनलाल मोदीले भ्रष्टाचारको गन्धमात्रै आए जो-कोहीलाई पनि कारबाही हुने बताएका छन्।

प्रेस सेन्टर नेपाल काठमाडौंको वार्षिक साधारणसभालाई सम्बोधन गर्दै मन्त्री मोदीले भ्रष्टाचार नियन्त्रणमा सरकार पूर्णरूपमा लागिपरेको र कोही कसैलाई पनि छुट नदिइने बताए । उनले भने, "विभिन्न मन्त्रालयमा हाम्रै मन्त्रालय मातहतका कर्मचारी हुनुहुन्छ, मैले सबैलाई भनेको छु, भ्रष्टाचारको गन्धमात्रै आएको खण्डमा पनि कारबाही हुन्छ ।" भ्रष्टाचारलाई निर्मूल पारी सुशासन कायम गर्ने गरी कार्यसम्पादन गर्न आफूले सबैलाई निर्देशन दिएको बताउँदै उहाँले भ्रष्टाचारको गन्धमात्रै आउने गरी काम देखिए कारबाही गर्ने बताए।

मन्त्री मोदीले अहिलेको सरकारको प्राथमिकता भनेकै सुशासन कायम गर्ने भएकाले कर्मचारीबाट त्यसको कार्यान्वयन हुनुपर्ने उल्लेख गरे । "प्रधानमन्त्रीको पहिलो मिसन भनेको सुशासन हो । सामाजिक न्याय, सुशासन र विकास र समृद्धि अहिलेको सरकारको मुख्य मिसन हो । यसबाहेक अन्य कुरामा ध्यान दिएको खण्डमा सबैलाई जुनसुकै हदसम्मको कारबाही हुन्छ", उनले भने । आफूले सम्हालेको मन्त्रालयमा सुशासनसँग जोडिएका दूरगामी महत्वका काम अगाडि बढाएको बताउँदै उहाँले भ्ने, "सङ्घीय निजामती सेवा ऐन ल्याउने र सुशासन कायम गर्ने विषय नै मेरो पहिलो प्राथमिकताको विषय हो, अहिले हामी निमित्तको शासन हटाउने काममा लागेका छौं।"

मन्त्री मोदीले अगाडि भने, "मैले मन्त्रालयको नेतृत्व सम्हालेपछि स्थानीय तहमा निमित्त नदिने, जसको जहाँ दरबन्दी छ त्यहाँ फर्किने गरी नीतिगत निर्णय गरेका छौं । अहिले झण्डै एक सयको हाराहारीमा निमित्त हटाएका छौं, यो क्रम जारी रहन्छ।"

कसैको सोर्सफोर्स नसुनीकन बढुवा भएका उपसचिवहरूलाई स्थानीय तहमा खटाएको जानकारी दिँदै उहाँले सरकारले खटाएको स्थानमा नजानेलाई कारबाही हुने बताउनुभयो। आफूले दुई महिनामा सबै सरोकारवालासँग छलफल गरेर सङ्घीय निजामती सेवा ऐन कानुन र अर्थ मन्त्रालयमा रायका लागि पठाएको बताउँदै उहाँले भ्ने, "कुनै पनि हालतमा सङ्घीय निजामती ऐन ल्याइछाड्ने अहिलेको सरकारको सङ्कल्प हो, हामीले दुई महिनामा सबै पक्षसँग छलफल गरेर यो ऐन रायका लागि कानुन र अर्थ मन्त्रालयमा पठाएका छौं, यो ऐन हामी कुनै पनि हालतमा ल्याउँछौं।"

मन्त्री मोदीले समाजको खराब मनोविज्ञान चिर्नका लागि प्रेस सेन्टरले अग्रमोर्चामा रहेर भूमिका निर्वाह गर्नुपर्ने बताउँदै सरकारको काम कारबाहीलाई सकारात्मकरूपमा प्रचार-प्रसार गर्नका लागि यो क्षेत्रको भूमिका महत्वपूर्ण रहेको समेत औंल्याएको । कार्यक्रममा नेकपा (माओवादी केन्द्र)का नेता कुमार पौडेल, प्रेस सेन्टरका अध्यक्ष विष्णु सापकोटालगायतले जनतालाई सही सूचना प्रदान गर्न प्रेस सेन्टरको भूमिका महत्वपूर्ण हुने बताए।

# एमालेले हरेक वडामा तीन प्रतिशत सदस्यता विस्तार गर्ने

**रासस**
**काठमाडौं।**
नेकपा (एमाले)ले वार्षिक कार्ययोजना तयार पारेको छ। तीन दिनसम्म सञ्चालन भएको केन्द्रीय कमिटी बैठकले पार्टीको सङ्गठन विस्तार र शुद्धीकरण कार्यअभियान सञ्चालन गर्नका लागि कार्ययोजना तयार पारेको हो । ललितपुरस्थित पार्टी मुख्यालयमा आयोजित पत्रकार सम्मेलनमा एमाले प्रचार विभाग प्रमुख पृथ्वीसुब्बा गुरुङले बसेको स्थायी कमिटी बैठकले तयार पारेको वार्षिक कार्ययोजना केन्द्रीय कमिटी बैठकले अनुमोदन गरेको जानकारी दिए । मिसन ग्रासरुट अभियानको नौवटै प्रदेशको समीक्षा प्रतिवेदनको आधारमा वार्षिक कार्ययोजना तयार पारेको हो। वार्षिक योजनाअनुसार पार्टीले पार्टी सदस्यता शुद्धीकरण र विस्तारको कार्यक्रम सञ्चालन गर्ने सञ्चालन गर्ने भएको छ। मिसन ग्रासरुट अभियान सकिए पनि सदस्यता वितरण र नवीकरण अझ बाँकी रहेकाले सङ्गठन विस्तार र शुद्धीकरण अभियान सञ्चालन गर्ने निर्णय गरेको उनले जानकारी दिए ।उनका अनुसार कार्ययोजनाअनुसार पार्टी सदस्यता शुद्धीकरण अझ व्यापक बनाइने छ।




# 'लकडाउन'ले बनायो कृषक

**रासस**
**पथरी।**
'लकडाउन'ले धेरै नेपालीको व्यापार व्यवसायलाई धराशयी बनायो। लकडाउनका कारण धेरै व्यापार छाडेर पलायन भए भने कतिलाई लकडाउन नै अवसर बनिदियो । त्यस्तै एक उदाहरण बन्नुभएको मोरङको पथरी शनिश्चरे नगरपालिकाका खगेन्द्रप्रसाद लिम्बू । जग्गा कारोबार गर्दै आएका लिम्बूका लागि लकडाउन 'टर्निङ पोइन्ट' बन्यो। लकडाउनका कारण जग्गा कारोबार छाडेर ड्रागन खेतीमा लाग्नुभएको खगेन्द्रप्रसादलाई राम्रै सफलता मिल्यो । लिम्बूले साथीभाइको सल्लाहअनुसार रु एक करोड ३० लाखको लगानीमा ड्रागन खेती सुरु गरे। दुई बिघा १० कट्ठा क्षेत्रफलमा लगाएको दुई हजार तीन सय बिरुवाले उत्पादन दिन सुरु गरेको छ।



पथरी शनिश्चरे-८ मा रहेको मेद्यावी कृषि फर्ममा तीनजनाले रोजगारी पाएका छन् । खेती सुरु गर्दा तीन महिनासम्म सात/आठजनाले रोजगार पाएका थिए। 'युवा शक्ति विदेश पलायन हुनुभन्दा आफ्नै मुलुकमा उत्पादनमा जोडिनु पर्छ भन्दै ड्रागन खेतीको सुरुआत गरेको हुँ', लिम्बूले भने। सुरु सुरुमा समस्या भए पनि फल दिन थालेपछि आनन्द भएको लिम्बूले बताए।

नेपालमा सफलता पाउँदै गरेको समयमा रेड सी प्रजातिको नौलो तथा मीठो फल ड्रागन फ्रुट खेतीतर्फ कृषकको आकर्षण बढ्दै गएको छ । कृषि पेसामा आत्मानिर्भर हुनुभएका लिम्बू ड्रागन फ्रुट खेतीमा रमाइरहनुभएको छ । पन्ध्र महिनाअघि लगाएको ड्रागन खेतीले फल दिन थालेको छ। एक पटकको मेहनतले लामो समय राम्रै फल दिने भएकाले सबै कृषकले यो खेती गर्दा राम्रो हुने लिम्बूको भनाइ छ।

ड्रागन फ्रुटसँगै भित्रभित्र बुटे खेती गर्न सकिन्छ भएकाले नगदे बालीले समेत स्थान पाउने गर्दछ। एक पोलबाट वार्षिक एक सय ५० किलोसम्म फल उत्पादन हुने गर्दछ।

बजारमा ड्रागन फ्रुट प्रतिकिलो पाँचदेखि आठ सय पर्ने गर्दछ । पछिल्लो समय बजारमा प्रतिस्पर्धा धेरै भएका कारण सोचेअनुसार मूल्य नपाउने पो हो कि भन्ने उहाँलाई चिन्ता छ । बाहिरी देशबाट आएको फलभन्दा नेपालमा उत्पादन भएको फल स्वादिलो र पोषिलो हुने भएकाले बजार मूल्य राम्रै पाउने लिम्बूले बताए।

सिँचाइ सुविधा कम भएको रुखो जमिनमा पनि ड्रागन फ्रुटले उत्पादन दिने भएकाले यस खेतीतर्फ कृषक आकर्षित हुँदै आएका छन् । ग्रामीण र सहरी क्षेत्रमा मानिसले यस खेतीलाई व्यावसायिक खेतीका रुपमा लिन थालेका छन् । मोरङको बेलबारी नगरपालिका-१० का वडाध्यक्ष गङ्गा याक्खा, पथरी शनिश्चरे-६ पूर्ववडाध्यक्ष जयबहादुर तामाङ, पथरी शनिश्चरे-२ का प्रवेश राई र सुनवर्षी नगरपालिकाका गणेश राईले व्यावसायिक ड्रागन खेती गर्दै आएका छन्।

ड्रागन खेती सुक्खा र पानी नजम्ने नेपालको सबै ठाउँमा हुने गर्दछ । एक पटक लगाएको खेतीले २५ वर्षसम्म आम्दानी दिने व्यवसाय भएकाले यसप्रति कृषकको आकर्षण बढ्दै गएको छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँभझा : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
गरिएका कामको राम्रै मूल्यांकन हुनेछ। भौतिक साधनसमेत जुट्नाले प्रसन्नता मिल्नेछ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
आम्दानी बढ्नेछ भने परिवारजनका आवश्यकता पूरा हुनेछन् । दिगो फाइदाका लागि लगानी बढाउन सकिनेछ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
साझेदारीमा पनि राम्रो फाइदा हुनेछ। आयआर्जनका स्रोत बढ्नेछन् भने व्यापारमा पनि बढी नै फाइदा हुने समय छ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
शुभचिन्तकहरूको सहयोग जुट्न सक्छ। अरूलाई प्रभावित पारेर काम बनाउने समय छ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
सामाजिक दायित्व बढ्नेछ। भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्ने योग छ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
व्यापारमा पनि प्रशस्त फाइदा हुनेछ। शुभचिन्तकहरूको सहयोग जुट्न सक्छ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
विभिन्न अवसर प्राप्त हुनुका साथै कीर्तिमानी काम गर्ने समय छ। गोपनीयता बाहिरिनाले समस्या पर्नेछ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुर्याउनुहोला । नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
परिस्थितिको चक्रमा अलमलिनुपर्ला। सामान्य काममा धन र श्रम खर्चनुपर्ला।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
विभिन्न सहयोग र उपहार प्राप्त हुनेछन्। आयआर्जन पनि राम्रै हुनेछ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
अतिथिका रूपमा सम्मान प्राप्त हुन सक्छ। स्वास्थ्यमा ध्यान पुर्याउनुहोला।

# ७ दिन थपियो मिटरब्याजमा उजुरी समय

## मिटरब्याजीविरुद्ध ३ सय ६१ उजुरी




**मधेशदृष्टि**
**रौतहट ।**
जिल्ला प्रशासन कार्यालय रौतहटमा मिटरब्याजीविरुद्ध ३ सय ६१ उजुरी परेको छ । सरकारद्वारा अनुचित लेनदेन अर्थात मिटर ब्याजसम्बन्धी जाँचबुझ आयोग गठनअघि ९२र गठनपछि २ सय ६९ उजुरी दर्ता भएको सिडियो धर्मेन्द्र कुमार मिश्रले बताए । जाँचबुझ आयोग गठन हुनुअगावै ९२ वटा उजुरी दर्ता भएको मध्ये ८ वटा फर्स्योट भइसकेको सिडियो मिश्रले बताए । १८ स्थानीय तहमध्ये सबैभन्दा बढी कटहरियाबाट ३५ उजुरी परेको छ भने र राजदेवी नगरपालीकाबाट शुक्रबारसम्म कसैले उजुरी दिएका छैनन् । त्यसैगरी गरुडाबाट २७, गौरबाट ११, चन्द्रपुर, गढीमाई, वृन्दावन, देवाही गोनाही, गुजरा, फतुवा विजयपुर, मौलापुर, बौधीमाई, परोहा, इशनाथ, राजपुर, माधवनारायण नगरपालिका र दुर्गा भगवती, यमुनामाई गाउँपालिकाबाट गरी ३ सय ६१ वटा उजुरी जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको सिडियो मिश्रले बताए ।
अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी जाँचबुझ आयोगका अध्यक्ष गौरीबहादुर कार्की, सदस्य उत्तम सुवेदी, सदस्य गणेशबाबु अर्यालले सरोकारवालासँग जिल्लाको अवस्थाबारे जानकारी लिएका थिए । छलफलमा रौतहटमा परेको उजुरीमध्ये अधिकांस औषधी उपचारका लागि कर्जा लिएको तथ्यांक रहेको पाइएको छ । छलफलमा स्थानीय तहका प्रमुखहरु भिखारी राय यादव, बैजनाथ प्रसाद यादव, शम्भु कुमार सिंह, प्रदीप यादव, विनोद कुर्मी, नेपाल बार एशोसिएशनका अध्यक्ष नन्दकिशोर साह, रौतहट उद्योग वाणिज्य संघका अध्यक्ष पंडित प्रसाद जयसवाल, नागरिक समाजका अध्यक्ष जगन्नाथ प्रसाद केशरी, पूर्व मेयर धिरेन्द्र सिंह, नेपाल पत्रकार महासंघका अध्यक्ष प्रेमचन्द्र झालगायतले मिटरब्याज पीडितलाई न्याय तथा, पीडकलाई कारबाहीको दायरामा ल्याउने उपायबारे जिज्ञासा राखेका थिए ।

सप्तरीमा ३ सय ८२ मिटर ब्याजविरुद्ध उजुरी परेको छ । सरकारले तीन सदस्यीय आयोग गठन गरेर मिटरब्याज पीडितको समस्या समाधान गर्न उजुरी माग गरेको १२ दिनमा सप्तरीमा ३ सय ८२ उजुरी प्राप्त भएको जिल्ला प्रशासन कार्यालय सप्तरीले जनाएको छ । जिल्ला प्रशासन कार्यालयले अनुचित लेनदेन मिटरब्याज पीडित सहायता कक्ष स्थापना गरेर उजुरी लिइरहेको छ । उजुरी दिने अन्तिम दिन नजिकिँदै जाँदा पीडितहरू धमाधम प्रशासन आएर उजुरी दिइरहेका छन् । यस्तै, सप्तरीसहित मधेश प्रदेशमा हालसम्म ३ हजार ७ सय ६९ जनाले उजुरी दर्ता गराएका छन् । सप्तरीमा ३ सय ८२, धनुषामा ८ सय १३, सर्लाहीमा ६ सय ३८, पर्सामा ६ सय, सिराहामा ४ सय ४३, महोत्तरीमा ३ सय ९३, बारामा ३ सय र रौतहटमा २ सय उजुरी दर्ता भएको जनाएको छ । आयोगले मिटरब्याज पीडितहरूलाई वैशाख १७ गतेदेखि ३१ गतेसम्म जिल्ला प्रशासन कार्यालयमा उजुरी दर्ता गर्न आग्रह गरेको थियो । यसैगरी आयोगले ७ दिन म्याद थप गरेको छ । अब पीडितहरूले जेठ ७ गतेसम्म उजुरी दर्ता गराउन सक्ने छन् । त्यसपछि जिल्ला प्रशासन कार्यालयहरूले आयोगमा अध्यावधिक गर्नेछन् । कतिपय उजुरीमाथि प्रशासनले मेलमिलाप गराएको बताइएको छ भने बाँकी उजुरीमा आयोगले नै छानबिन गर्ने जनाइएको छ ।



**मधेशदृष्टि**
**वीरगंज ।**
अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी उजुरी दिने म्याद जेठ ७ गतेसम्म थपिएको छ ।
बारामा ५ सय ३० पीडितले उजुरी दिएका छन् । बाराका प्रमुख जिल्ला अधिकारी नवराज सापकोटाले जिल्लामा मिटरब्याज पीडितको अवस्था भयावह रहेको बताए । उनले जिल्लामा ५ सय ३० पीडितले उजुरी दिएकामा २८ वटा उजुरी मात्रैको समस्या समाधान भएको बताए । आयोगले वैशाख ३० गतेसम्म पीडितलाई निवेदन दिन भनेकामा सोको अवधि बढाएर २०८० जेठ ७ गते सम्मका लागि थपेको छ ।
पीडितलाई जिल्ला प्रशासन कार्यालय बारामा गई निःशुल्क निवेदन दिन सकिने सहज व्यवस्था मिलाइएको उनले बताए । अनुचित लेनदेन (मिटर ब्याज) जाँचबुझ आयोगका अध्यक्ष गौरी बहादुर कार्कीले सरकारले मिटरब्याज पीडितको पक्षमा काम गर्ने गरी कानुन ल्याएको भन्दै अनुचित लेनदेन अपराध भएको बताए । पीडक र पीडित दुवै पक्षलाई एकै ठाउँमा राखी न्यायोचित लेनदेनमा सहजीकरण गरिने अध्यक्ष कार्कीले जानकारी दिए । उनले पीडक समस्या समाधानमा लचक नभए सम्पत्तिको स्रोतको अनुसन्धान गरी स्रोत नपुग्ने सम्पत्ति जफत गर्नेसम्मको कार्यमा आयोगले काम गर्ने बताए ।

# बालुवा गिट्टी थुप्रेकाले पुल र बस्ती जोखिममा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
चुरे दोहनका कारण ठूलो मात्रामा बालुवा तथा गिट्टी पुल वरिपरि जम्मा भएकाले यस पटकको वर्षा तथा बाढीको समयमा चारनाथ खोलामा रहेको पुल जोखिममा परेको छ ।
पुलको पिलरको माथि सम्मको भागमा बालुवा गिट्टी थुप्रेका कारणले कुनै पनि बेला पुलमा क्षति हुने खतरा रहेको छ । पुलको ५ सय मिटरमा बालुवा गिट्टी हटाउन नमिल्ने भएकाले नगरपालिकाले ठेक्का लगाउँदा पनि हटाउन नमिल्ने भएकाले सडक डिभिजन कार्यालयले नै हटाउनु पर्ने प्रावधान रहेको छ ।
यसका साथै पुलको पाँच सय मिटर उत्तर र दक्षिणको भागमा बालुवा तथा गिट्टी उत्खननमा कानूनी रुपमा रोक लगाइएकाले बालुवा तथा गिट्टी भारी मात्रामा थुप्रेका कारण बाढी आएको खण्डमा आधा दर्जन गाउँ उच्च जोखिममा पर्ने देखिएको छ । धनुषाको रघुनाथपुर, सवैला बढी जोखिममा रहेका छन् । खोलामा बाढी आएको खण्डमा पानी सोझै बस्तीमा जाने र यसले धनजनको व्यापक क्षति गर्ने भएकाले जिल्ला समन्वय प्रमुख राजनन्दन मण्डलको अध्यक्षतामा बैठक बसेर यसको तत्काल समाधान खोज्नका लागि पहल गर्ने निर्णय गरेको छ ।
धनुषाका प्रमुख जिल्ला अधिकारी काशीराज दाहाल सहितको प्रतिनिधि मण्डलले चारनाथ खोलाको वास्तविक अवस्थाको विषयमा स्थलगत अनुगमन गर्ने निर्णय भएको जिल्ला समन्वय समिति धनुषाका निमित्त समन्वय अधिकारी राजाराम मण्डलले जानकारी दिएका छन् । स्थानीय प्रशासनले उक्त खोलाको ठेक्का पट्टका साथै बालुवा उत्खननमा रोक लगाएका कारण अहिलेको अवस्था सृजना भएको बताइएको छ । समन्वय प्रमुख राजनन्दन मण्डलले समयमा ती सामाग्रीहरू नहटाएको खण्डमा पुलको पूर्वको पिलर भासिने र यसले राजमार्ग नै अवरोध हुने खतरा रहेको बताए ।

# सशस्त्र हबलदार निलम्बित



**मधेशदृष्टि**
**वीरगंज ।**
आफूलाई घुमुवा बताएर वीरगंजका व्यापारीसँग अवैध रूपमा रकम माग गर्ने र नदिने व्यापारीसँग कुटाकुट गरेका सशस्त्र प्रहरीका एक सहायक हबलदार निलम्बनमा परेका छन् । सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण पर्साका सशस्त्र प्रहरी उपरीक्षक सुमन थपलियाले घुमुवा बताएर वीरगंजका व्यापारीसँग रकम माग गरेका र नदिएपछि कुटाकुट गरेका सशस्त्र प्रहरी सहायक हबलदार जितेन्द्र सहनी निलम्बनमा परेको बताए । सहनी रवाना गरेको कार्यालयमा हाजिर हुन नगई सशस्त्र प्रहरी कर्मचारीको आचरण विपरीत वीरगंज महानगरपालिकाको बसपार्क इलाकामा गई स्थानीयसँग झैझगडा गरेको पाइएपछि कारबाहीमा परेका हुन् ।

# रास्वपा जनकपुरधाम कमिटी गठन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
राष्ट्रिय स्वतन्त्र पार्टी जनकपुरधाम उपमहानगरपालिका स्तरीय भेलाबाट नगर कार्य समितिसहित विभिन्न समितिहरु गठन गरेको छ ।
यस भेलाबाट रास्वपा जनकपुरधाम उपमहानगरपालिका कमिटीको भेलाबाट अप्पु मण्डलको नगर सभापतित्वमा ९ सदस्यीय समिती गठन गरेको हो । यस नगर भेलाबाट उपसभापतिमा अमर साह, सचिवमा सृष्टि दत्त, कोषाध्यक्षामा बिजयकुमार साहलाई चयन गरिएको छ ।
त्यस्तै सदस्यहरुमा राकेश चौधरी, ललन नायक, गङ्गाप्रसाद यादव, सन्तोष आनन्दलाई भेलाबाट चयन गरिएको रास्वपा धनुषाको जिल्ला संयोजक डा. जयप्रकाश महतोले जानकारी दिए ।
त्यसैगरी यस भेलाबाट शत्रुधन पंजियारको अध्यक्षतामा चार सदस्यीय नगर रैपिड एक्सन समिति पनि गठन गरेको छ ।
यस कमिटीको उपाध्यक्षमा विवेक बिक्रम कामती, सचिवमा पुर्षोत्तम चौधरी, उप सचिवमा दिपेश झा र कोषाध्यक्षमा रोनक ठाकुरलाई चयन गरेको छ ।
त्यस्तै स्वास्थ बिभागमा डा. सुर्य प्रकाश साह, सुचना बिभाग- अनिल कुमार साह, उद्योग बिभागमा राम बाबु राय र बिकास तथा निति निर्माण बिभाग- रुपेश कुमार दुबेलाई चयन गरिएको रास्वपा धनुषा जिल्ला संयोजक डा. जयप्रकाश महतोले बताए ।

# चार किलोमिटर म्याराथन प्रतियोगिता



मधेशदृष्टि
वीरगंज ।
'शिक्षाका लागि दौड' नाराका साथ वीरगंजमा म्याराथन प्रतियोगिता भएको छ ।
राउण्ड टेबल नेपालद्वारा आयोजित 'वीरगंज म्याराथन- शिक्षाका लागि दौड' सम्पन्न भएको हो । वीरगंजको आदर्शनगरस्थित पुरानो बसपार्कबाट सुरु भएको चार किलोमिटर लामो म्याराथनमा नगरका विभिन्न स्थान हुँदै पुनः पुरानो बसपार्कमै पुगेर सम्पन्न भएको थियो ।
म्याराथनमा अमरनाथ साह प्रथम भए । साह सबैभन्दा छिटो सुरुवाती बिन्दुबाट दौड सुरु गरेर पुनः पुरानो बसपार्क पुगेका थिए । उनलाई पुरस्कारस्वरूप १० हजार रुपैयाँ प्रदान गरिएको आयोजक संस्थाले जनाएको छ । दौडमा सत्रुघ्न पटेल दोस्रो र आलोक चन्द्र झा तेस्रो भए । उनीहरुलाई क्रमशः ५ हजार र २ हजार ५ सय रुपैयाँबाट पुरस्कृत गरिएको संस्थाका दिपाल खन्नाले जानकारी दिए ।
त्यस्तै सान्त्वना पुरस्कारस्वरूप चौथोदेखि आठौं स्थानमा दौड सम्पन्न गरेका पाँच जनालाई ५ सय रुपैयाँको दरले पुरस्कृत गरिएको उनले बताए । विजेतालाई राउण्ड टेबल इन्टरनेसनलका अध्यक्ष तथा कार्यक्रमका प्रमुख अतिथि जयन्त अग्रवाल, हिमालयन बैंकका वीरगंज शाखा प्रबन्धक अमर अमात्य, राउण्ड टेबलका सौरभ केडिया, क्षेत्र ३ का संयोजक आरोह मित्तल, वीरगंज फ्रेन्ड्स राउण्ड टेबल-८ का कार्यक्रम प्रमुख मनिष लाठलगायतले प्रमाणपत्र र पुरस्कार राशी बराबरको चेक हस्तान्तरण गरेका थिए ।

# तीन ठाउँमा रक्तदान सम्पन्न



**मधेशदृष्टि**
**वीरगंज ।**
शनिबार, नेपाली कांग्रेस, वीरगंज युवा समाज र नेपाल वीमा प्राधिकरणलेले छुट्टाछुट्टै स्थानमा खुला रक्तदान कार्यक्रम गरेको छ ।
रगतको बढ्दो मागलाई मध्यनजर गर्दै नेपाली कांग्रेस वडा नम्ब ८ को आयोजनामा खुला रक्तदान भएको हो ।
रक्तदान कार्यक्रममा तीन महिला र ४९ पुरुषले रक्तदान गरेका थिए । रक्तदान कार्यक्रममा रक्तदान गरेकालाई कांग्रेस पर्सा सभापति जनार्दन सिंह क्षेत्रीले प्रशंसा पत्र प्रदान गरे । कार्यक्रममा अनिल रुंगटा, वीरगंज महानगरपालिकाका उपप्रमुख तथा नेपाली कांग्रेसका पर्सा सचिव इम्तियाज आलम, कांग्रेस पर्साका युवा नेता रविन्द्र ठाकुरलगायतको उपस्थिति थियो ।
यस्तै, क्षेत्र नम्बर २ का सभापति मो.सह्बुदिन, प्रदेश सभा सदस्य श्याम पटेल, नेपाली कांग्रेस पर्साका पूर्व उपसभापति दिनानाथ गुप्ता, नेपाली कांग्रेस क्षेत्र नम्बर १ को ख प्रदेश सभापति अनिल सिंह, वीरगंज वडा नम्बर ४ का वडा अध्यक्ष जगत साह कानु, नेपाली कांग्रेस वीरगंज महानगरपालिकाका सचिव श्याम पटेल, समाजसेवी तथा युवा नेता सुधिर पटेल, नेपाली कांग्रेसका नेता भैयाराम पटेल, बाबुनन्द पटेल, जे.पी.ठाकुर, राहुल गुप्ता लगायतको उपस्थिति रहेको कार्यक्रम सन्तोष सिंहले सहजिकरण गरेका थिए ।
यस्तै, वीरगंज युवा समाज, नेपाल वीमा प्राधिकरणले पनि रक्तदान आयोजना गरेको छ । वीरगंज युवा समाजद्वारा मकालु होटलमा आयोजित रक्तदानमा २४ महिलासहित ९३ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्रमुख शौरभराज पाण्डेले बताए ।
यस्तै, नेपाल वीमा प्राधिकरणले ५५ औं वार्षिकउत्सवमा गरेको रक्तदान गरेको छ । आदर्शनगरस्थित प्राधिकरणको कार्यालयमा आयोजित रक्तदानमा ५ महिलासहित ८० जनाले रक्तदान गरेका थिए ।

# भन्सार छलेको चामल बरामद

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले वीरगंजबाट भन्सार छलीका एक लाख रुपैयाँ भन्दा बढी मूल्यको चामल बरामद गरेको छ ।
प्रहरीले १ लाख २० हजार ८ सय ७८ रुपैयाँ मूल्य बराबरको विभिन्न ब्राण्डका चामल बरामद गरेको हो । वडा प्रहरी कार्यालय विर्ताबाट प्रहरी निरीक्षक बिदुरप्रसाद शिवाकोटीको कमाण्डमा खटिएको प्रहरी टोलीले वीरगंज-११, स्थित रानीघाटबाट मूल्यबराबरको चामल बरामद गरेको प्रहरीले जनाएको छ । विशेष सूचनाको आधारमा प्रहरीले रानीघाटस्थित प्रकाश कुमार गुप्ताको पसल अगाडि लुकाइछिपाइ राखेको अवस्थामा ७४ वटा चामलको बोरा बरामद गरेको पर्साका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक दिपक गिरीले जानकारी दिए । बरामद चामललाई थप अनुसन्धान तथा कारबाहीका लागि वीरगंज भन्सार कार्यालयमा बुझाइएको प्रवक्ता गिरीले बताए ।

# फुलकोलमा वाइसिएलको कमिटी

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको बहुदरमाई नगरपालिका वडा नम्बर ७ फुलकौलमा नेकपा माओवादी केन्द्रको सहायक संगठन वाइसियल नेपालको वडा इकाइ कमिटी गठन भएको छ ।
नेकपा माओवादी केन्द्र वडा इकाइ अध्यक्ष सुरेन्द्र यादवको अध्यक्षतामा भएको भेलाले विजय पासवानको अध्यक्षतामा १६ सदस्यीय वाइसियल वडा इकाइ कमिटी गठन भएको हो ।
कमिटीमा उपाध्यक्ष जटाशंकर साह, सचिव रोशन प्रसाद यादव, कोषाध्यक्ष मुगियादेवी र सदस्यहरु उमेश पासवान, श्रवण कुमार पासवान, रोहित पटेल, मुकेश पासवान, चन्दन पासवान, पवन देव राम, जलन्धर राम, बलिराम प्रसाद यादव रामजी राम, ऋषिमुनी पासवान, बुनीलाल रामलगायत चयन भएका छन् ।

## सम्पादकीय

# रात्रीबजारको रौनक र विस्तार

वीरगंज महानगरले सञ्चालनमा ल्याएको रात्रीबजार शनिबार सकिएको छ । दोस्रो संस्करणको रात्रीबजारको चर्चा अरु चुलियो । चितवनबाट व्यापारी बजार हेर्न आए। देशकै मध्यभागमा रहेको र देशको सबै भूगोलको आवतजावत केन्द्र रहेको चितवनमा कतै रात्रीबजार पो सञ्चालन गर्न सकिन्छ कि भन्ने हिसाबले चितवनका व्यापारी, व्यवसायी वीरगंज आएका हुन्। यो सन्देश सकारात्मक प्रसारको नतिजा पनि हो कि, वीरगंजको बजार विस्तार गरेर चितवनले पनि लाभ उठाउन चाहेको छ । त्यसैले वीरगंज महानगरले नयाँ वर्षको अवसरमा २०७९ चैत मसान्तदेखि वैशाख २ गतेसम्म र हरेक महिनाको अन्तिम शुक्रबार र शनिबार गर्न थालेको रात्रीबजार सफलीभूत नै भएको पाइएको छ । यसले व्यापार, व्यवसायमा सम्भावना खोज्नेलाई एउटा कोसेढुंगोकै रुपमा उपलब्धी भएको मान्दा पनि हुन्छ । किनभने रात्रीबजारको अवधारणा हामीकहाँ नकारात्मकता खोज्नेमा केन्द्रित थियो। यो धारणा अब हटेको हुनुपर्छ कि वीरगंजले रात्रीबजार संस्थागत गर्नेवाला छ। हरेक महिनाको अन्तिम शुक्रबार र शनिबार वीरगंजमा थप जमघट, रमाइलो हुने छ । परिवारसहित वीरगंज जानेहरुले खल्लो महसुस गर्नु पर्ने छैन।

वीरगंजको सन्देश चितवनमा मात्र प्रसार भएको छैन। शनिबार मधेश प्रदेशको राजधानी जनकपुरमा पनि रात्रीबजारको बहस सुरु भएको छ । शुक्रबार जनकपुरधाम उद्योगा वाणिज्य संघले प्रशासनलाई ज्ञापनपत्र बुझाउँदै राति १२ बजेसम्म बजार सञ्चालनको वातावरण बनाइदिन अपिल गरेको थियो । यति मात्र होइन, ९ बजे नै बन्द हुने पुरातनकालीन नियम बदलेर राति आउनेलाई जनकपुरमै राख्न सकिने विकल्पसँगै जनकपुरमा पनि रात्रीबजार सञ्चालनको अभ्यास सुरु भएको छ । जिल्ला प्रशासन कार्यालय, जनकपुरधाम उद्योग वाणिज्य संघ र उपमहानगरपालिकाले यस विषयमा छलफल गरेको छ। प्रशासनले राति कति बजेसम्म सञ्चालनको सम्भावना छ भनेर टास्कफोर्स बनाएको छ। उसले दिने प्रतिवेदनका आधारमा अब मधेश प्रदेशको राजधानी जनकपुर ९ नबज्दै सुतेजस्तो र निदाएजस्तो गर्ने छैन । छेउमै लालगढ, बर्दीबासमा रातभर झिलिमिली हुँदा प्रदेश राजधानी चैं झ्यालढोका बन्द गरेर नसुती आएका पर्यटकलाई जनकपुरमै राख्न स्वागतार्थ जुटेको हुनेछ। जनकपुरमा राति बस्ने, खाने, इन्धन भर्नेलगायतका सुविधान हुने हो भने पक्कै आगन्तुक महोत्तरी र अरु जिल्ला पुग्ने कष्ट गर्ने थिएनन्। सुरक्षाका नाममा प्रहरी प्रशासनले राति ९ बजे बत्ती निभाउन भने पनि जनकपुरधामको सुरक्षा फितलो यस अर्थमा देखिएको छ कि, चोरीको बिगबिगी छ। अरु कुनै समस्या अहिले जनकपुरमा छैन। राति बजार चलाउनु शिथिल अर्थतन्त्र उठ्नु पनि हो।

जे होस्, जनकपुरमा पनि राति बजार खुलाउने र रात्रीबजार चलाउने बहस सुरु भएको छ। यो बहसमा हामी साथ दिन्छौं कि शिथिल अर्थतन्त्र उठाउन थोरै भए पनि राहत हुनेछ। अर्कातिर मधेश प्रदेश, जहाँ ६१ लाख जनता छन्। तिनको राजधानी ९ बजे नै अँध्यारो पारेर शान्तिसुरक्षाका नाममा मूर्दाशान्ति पारिनु हुन्न। अर्कातिर जानकी मन्दिर, धार्मिक सभ्यता र सम्पदाको सहर, जतिखेर पनि भारतसहित अन्य भूगोलबाट आउने पर्यटकलाई महोत्तरी र सिन्धुलीतिर लेखेर कुन समृद्धि खोजिएको हो ? जनकपुरधामका उद्योगी व्यवसायीले समयमा आवाज उठाएका छन् । प्रदेश सरकार रहेको जनकपुरधाममा शान्तिसुरक्षाका नाममा फेरि ९ बजे नै सुतेर समृद्धि नखोजियोस्, निष्कर्षमा पुगियोस्।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ । पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

# शिक्षाजगतमा सरस्वती नमूना माविको योगदान



● उदय कुमार यादव




कुनै पनि विद्यालयको प्रगति त्यस विद्यालयको व्यवस्थापकीय पक्ष कति सबल रहेछ, त्यसले नै तय गर्दछ। यसरी विगतमा सञ्चालक समितिको नामबाट नै यो विद्यालय सुव्यवस्थित रहेको इतिहांसले बताउँछ । पछि यता आएर संघीयता आएपछि गणतन्त्रात्मक लोकतन्त्र प्रणालीमा जब देश प्रवेश गरेको छ, अनि नयाँ ऐन नियमावलीअनुसार चाहिँ व्यवस्थापन समितिको अवधारणा आएको हो । तसर्थ सर्वप्रथम हीरक जयन्ती समारोहका उपलक्ष्यमा यस विद्यालयको संक्षिप्त इतिहासपछि अन्त्यमा यसका भावी दिशा पनि उल्लेख गरेकै छु।

२००४ साल वैशाख १ गते स्वीकृत तर जेठ ७ गते स्थापना भएको चारपाँच महिनापछि यसको न्वारानको नामचाहिँ जनकपुर हाइस्कुल हो । जसको उद्घाटन जानकी मन्दिरको पवित्रथलो नै मानिन्छ । तर यस विद्यालयको पढाइ श्रीगणेश तथा शुभारम्भ मौनीबाबाको धर्मशालामा हुनथालेको तथ्य यस विद्यालयका स्वर्ण जयन्तीमा उपाध्याय सरद्वारा लेखिएका पुस्तक संक्षिप्त इतिहांसले बताएअनुसार यसै विद्यालयको पढाइ धर्मशालामा २००५ मर्मसिर ९ गतेसम्म भएको थियो।



श्रीरामस्वरुप साहुको विद्यालय बनाउने सदिच्छालाई साकार पार्न उहाँका अंशियार भाइ श्री रामसागर साहको पनि ठूलै हात रहेको देखिन्छ। उहाँहरुको सम्पूर्ण परिवार यस पुनीत कार्यमा धन खर्च गरेर पनि अमर कृति कायम गर्न र अक्षय पुण्य आर्जन गर्न पनि सहमत नै थियो । यी दाताहरुकै कारणले यो विद्यालय समयमा तयार भयो, जसको परिणामस्वरुप २००८ साल माघ १० गते वीणा पुस्तक धारिणी भगवतीको पुजनोत्सवपछि यसको नवनिर्मित भवनमा पढाइचाहिँ शुभारम्भ भयो । भनिन्छ कि जबसम्म यसभित्र मन्दिरको निर्माण भएन तबसम्म भूतप्रेत आत्माहरुले यसका छानोसमेत उडाइदिन्थ्यो रे!

यस विद्यालयका पहिला हेडमास्टर अमरेश चन्द भट्टाचार्य, धेरै समयसम्म टिक्नु भएन । तत्पश्चात २००५ साल भदौ १८ गते नै गंगाधर दत्त प्रअको पदमा नियुक्त हुनु भयो । यसरी यो बीचमा यसले धरै उतारचढाव तथा उथलपुथल सामना गर्दागर्दै यो विद्यालय २०५४ सालमा स्वर्णजयन्ती बडो सफलतापूर्वक मनाउन सफल भएको गौरवमय इतिहास छ, जसका लेखक यसै विद्यालयका शिक्षक हुन्।

राणाकालीन कठीन समयमा नै स्थापित यो विद्यालय नेपालजस्तो देशमा विद्यालयका लागि प्रारम्भिक अवस्थामै यी कुराहरु उपलब्ध हुनु सानो कुराचाहिँ थिएन । सबैमा हर्षउल्लास र उमंग देखियो । कारण आफ्नै नगर जिल्लामा आफ्ना छोराछोरीलाई शिक्षा उपलब्ध गराउन पाउदा अभिभावक पनि अति प्रशन्न भए भने विद्यार्थीहरु पनि नवयुगमा प्रवेश गर्न पाएको अनुभूतिले प्रोत्साहित भएर पढ्नतिर मन दिन्थे । उमेरदार शिक्षक जागिर पाउदा र इच्छुक जागरुक र अनुशासित छात्रछात्रालाई पढाउन पाउदा असाध्यै प्रशन्न देखिन्थे । देशमा प्रजातन्त्रको लहर देखा पर्न लाग्यो यसैबेला २००६ सालमा एसएलसींमा सर्वप्रथम समावेस गराइयो वीरगंज सेन्टरमा, त्यसबेला जनकपुरका जिल्लामा सेन्टर थिएन । दुर्भाग्यवस यसपालि सामेल गराइएको पाँच जनामध्ये कोही पास हुन सकेनन् । तर यस ऐतिहासिक पुस्तिकाअनुसार दोस्रोपटकको एसएलसीमा चाहिँ सौभाग्यबस २००६ का सबै पास भए।

यसैगरी समयको अन्तरालमा २०११ जेठ २६ गते नवीन शिक्षा विधानअनुसार यस विद्यालयको सञ्चालक समिति गठन भयो। जसमा एउटा नयाँ विशेषता देखा परेको कुरा के रहेछ भने अहिलेसम्म जुन सञ्चालक समितिको अध्यक्षमा चाहिं बडाहाकिम आफैं हुनु हुन्थ्यो । त्यसमा पहिलोपटक जनता राम स्वरुपजीलाई सुम्पियो। अर्थात् यसै बेला श्रीराम स्वरुप साहुकै अध्यक्षतामा गठित २०११ साल मंसिर २१ गते विद्यालयको कार्यकारिणी समितिको बैठकमा यस स्कुलको नाम जनकपुर हाइस्कुल रहेकामा अब उप्रान्त चाहिँ सरस्वती हाइस्कुल जनकपुरधाम राखिने निर्णय पनि गरियो, जुन नाम बेलाबेला संशोधन चाहिँ भए पनि बोलचालमा अहिलेसम्म त्यही कायम रहेको छ।

२०१७ सालमा यसका संरक्षक श्रीराम स्वरुप साहको निधन भयो। यस गरिमामय विद्यालयको योग्य प्रधानाध्यापक गंगाधर यसमा २००५ साल भदौ १८ गतेदेखि २०३० साल असार मसान्तसम्म प्रअकै पदमा रही विद्यालयको सेवा गर्नुभयो। उहाँ विद्यालयमा अनुशासन कायम राख्न बहुत चर्चित हुनुहुन्थ्यो । उहाँ साहित्यप्रेमी तथा अंग्रेजी विषयका उत्तम शिक्षक भएको हुनाले त्यसबेलाको शैक्षिक उन्नति र प्रगति चाहिँ राम्ररी नै भएको इतिहासले बताउँछ।

स्थानीय रमस्वरुप रामसागर बहुमुखी क्याम्पसका संस्थापकहरुमध्ये उहाँ पनि एक प्रमुख व्यक्तित्व हुनुहुन्थ्यो साथै त्यस राराबका प्रथम प्राचार्य पनि। गर्वको कुरा एउटा यो पनि के रहेछ भने बहुमुखी क्याम्पस यसै विद्यालयको काखमा जन्मियो र केही वर्ष यहाँ नै सञ्चालन भएर हुर्कियो पनि। त्यतिबेलाका केही सुयोग्य शिक्षकः मुसादी मल्लिक जो अमेरिका जानु भयो, बज्रकिशोर झा, योगेन्द्र प्रसाद यादव, राराबा प्राध्यापक भए।

त्यसैगरी अन्य योग्य शिक्षकहरु शोभाकान्त चौधरी, जीबछ मिश्र, बद्री प्रसादलगायत माधव प्रसाद उपाध्याय, रामेश्वर पौडेल, चन्द्रदेव लाल कौसिक, कृष्णदेव ठाकुर, राजेन्द्र प्रसाद, सचितानन्द, योगेश्वर लाभ, सुशीला थापा, नेताजी चुन्नी शरण यादव, दिलबहादुर जोशी, जगदीश प्रसाद यादव, विमला श्रेष्ठ (अमेरिका), चन्द्रेश्वर राय, सुनील मण्डल, राम औतार महतो, राम सुदिष्ठ लाल आदि केही चर्चित ऐतिहासिक शिक्षकलगायत स्वर्णजयन्तीमा सहभागी मध्यकालीन समयसम्म आइपुग्दा अनील झा,











ईश्वर यादव, मन्जु झा, रमा रिमाल, लक्षमेश्वर झा, लक्ष्मी नारायण, गीता, सुनीता, सरला बराल, अमर यादव र लेखक आफू स्वयम्को सहभागिता थियो।

प्रधानाध्यापकहरुको चर्चा गर्दा स्व. प्रअ गंगाधर दत्त, पछि यस विद्यालयका वरिष्ठ शिक्षक नीतेन्द्र लाल दासको नाम बहुचर्चित छन् जो कुशाग्र गणितज्ञ हुनुहुन्थ्यो । आफू पनि २०४६-४७ तिर एसएलसी पास गर्ने बेलामा उहाँ नै प्रअ हुनुहुन्थ्यो । पछि राराबबाट मेजर इंग्लिस लिएर त्रिभुवन विश्वविद्यालयबाट प्रवीणता प्रमाणपत्र प्राप्त गरेपछि लगत्तै यसै विद्यालयमा चलेका नाइट कलेज बीपी क्याम्पसबाट नै बीएड मेजर नेपाली र अंग्रेजीबाट फाइनल गरी २०५२ सालमै शिक्षक छनौट समितिको लिखित मौखित प्रतिस्पर्धाबाट निमावि शिक्षकमा नियुक्त हुन पाएँ। यसपछि, राम सुदिष्टका पालामा स्थानीय विद्यालय व्यवस्थापनका अध्यक्ष कन्हैयाजीका पालामा केही सकारात्मक परिवर्तन पनि भए ।.अर्थात् कक्षा १२ सम्म पठनपाठन यसै बेलादेखि भएको हो।

२०६१/६२ तिर राराबकै मर्निड.सिफ्टबाट एमए इन इंग्लिस लिटरेचरमा दोस्रो श्रेणीमा पास हुनेबित्तिकै आदरणीय गुरु एसएन पाण्डेले मास्टर डिग्रीमा प्राध्यापकको कमी र मेरो स्कोर राम्रो भएका कारण आंशिक शिक्षकका रुपमा फस्ट पार्टमा फिक्सन पेपर र सेकेन्ड इयरमा फिलोसफी पढाउने मोका दिनु भयो। त्यसैबेलाका मेरा कैयौं भिआइपी शिष्यहरुमध्ये महावीर दास, सुरेश मुखिया, नवीन तिवारी नरेन्द, चोनाइलाल, रमेश ठाकुर, प्रअ जलेश्वर मठिहानीका नाथेश्वर सुशील झा साढाका घनश्याम झा, सुन्दर पण्डित विनोद, बिएन डिएन वाइ, यूके वाइ फुलगामा शीतलजी अनि मेहीलाल सर हुनुहुन्छ। तर बिरामी परेपछि टियुको करार दरबन्दीबाट दुर्भाग्यबस वञ्चित भए, तथापि २०६१/६२ तिर यता नै स्थायी हुने मौका पाइयो। त्यसैले राराबमा स्थायी प्राध्यापक नहुन सके पनि राराबलाई जन्मदिने संस्थामा सेवा गर्ने मौका पाएपछि आफूलाई गर्व ठान्दछु । यता आएर डायमन्ड जुब्ली मनाउने बेलामा थप भएका नयाँ पिढीका शिक्षकशिक्षिका मित्रगणहरुः नागेश्वरजी, मेघनाथ नेताजी, ज्ञानेन्द्रजीलगायत हरिचन्द्र, हर्ष नारायण, चन्दन, बेचनराम, बिनीता, अवधेशी, ममता सीमा, बरुना, बिनय र कर्मचारीतर्फ पहिलेका ज्ञान दाइ, भरोस दाइलगायत दिलीप लाल कर्ण, पवन बहादुर गोपाल र रामनारायण आदि हुन् । हुन त पहिला यहाँ चार सेक्सन चल्थ्यो तर अचेल दुइवटामा नै झरेछ, यसको प्रमुख कारण अंग्रेजी बोर्डिङ स्कुलको बिगबिगी नै हो।

यस विद्यालयले २०५४ सालमा स्वर्ण जयन्ती मनाउने सौभाग्य प्राप्त गरेको गरिमामय कुरा इतिहासले बताउछ । यसबेलाका प्रअचाहिँ स्व.श्रीराम रतन प्रसाद रमन हुनुहुन्थ्यो, जसमा प्रमुख अतिथि यस महाविद्यालयकै उत्पादित डा.सुरेशराज शर्मा भएर आएका थिए। यसले उत्पादन गरेका धेरै मेधावी जनशक्ति जस्तो अन्नगिन्ती डाक्टर, इन्जिनियर, प्रोफेसर, प्रिन्सिपल, फाउन्डरहरु देश विदेशमा कार्यरत छन्। ती सबैका नाम चाहिँ उल्लेख गर्नु सम्भव होइन रहेछ, तथापि तीमध्ये केही मोर भिआइपीहरु डा. सुरेशराज शर्मा, सत्येन्द्र प्यारा श्रेष्ठ, आनन्द ढुंगाना, कांग्रेसी नेता बिमलेन्द्र निधि, लीला कोइराला तथा देशका प्रथम राष्ट्रपति महामहिम डा. रामवरण यादव आदि हुन्।.

२०५८ मा तत्कालीन डाइरेक्टर कमल नारायणजीको पहलमै शिक्षा मन्त्रालयको साढे छ लाख तकरिबन बजेटले यसलाई नमूना विद्यालयका रुपमा घोषणा गरियो । त्यसपछि प्रथम राष्ट्रपति महामहिम डा. रामवरण यादवको पहलमा चारकोठे दुइतले भवन २०७१/७२ मा करोडौंका बजेटमा निर्माण भयो । पुनः प्रदेश सरकारको बजेटले भूपू कानुनमन्त्री ज्ञानेन्द्र कार्कीको पहल र स्थानीय समाजसेवी बलराम साहका सक्रियतामा करिब बीस लाख रुपैयाँको बाइक स्टेन्ड पनि २०७८ मा निर्माण भएको छ। यसका साथै वडाध्यक्ष परमेश्वरजीले नगरपालिकाबाट दुई पटक थम्ज मेसिन दिलाएका छन् । त्यसैगरी तत्कालीन मुख्यमन्त्री कार्यक्रमअन्तरगत भूपू मेयरसाब लालकिसोरको रोहबरमा २०७७ मा छात्रालाई साइकल पनि वितरण गरियो।

# ठूलो आकारको बजेट ल्याउन सक्ने अवस्था छैनः अर्थमन्त्री



रासस
काठमाडौँ।
अर्थमन्त्री डा प्रकाशशरण महतले आगामी आर्थिक वर्षका लागि विस्तारकारी र ठूलो आकारको बजेट ल्याउन सक्ने अवस्था नरहेको बताएका छन्।
आर्थिक विकास तथा प्रशासन अनुसन्धान केन्द्र र राष्ट्रिय आर्थिक सरोकार समाज नेपालले काठमाडौँमा आयोजना गरेको 'आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट सन्दर्भमा छलफल तथा सुझाव सङ्कलन कार्यक्रम'मा अर्थमन्त्री महतले स्रोतका सीमितताका कारण ठूलो आकारको बजेट ल्याउन सम्भव नहुने बताएका हुन्।
'अहिले सबैभन्दा ठूलो चुनौतीका रुपमा राजस्वको न्यूनता देखिएको छ। विस्तारकारी र ठूलो आकारको बजेट ल्याउन सीमितता छन्', उनले भने। अर्थतन्त्र सुधारका लागि सरकार र अर्थमन्त्रीका रुपमा आफूले अधिकतम प्रयास गरिरहेको उनको भनाइ छ। 'अर्थ मन्त्रालयमा आएपछि मैले धेरै समस्याहरू देखे। जति बाहिर बसेर हेर्दा देखिन्थ्यो त्यो भन्दा धेरै समस्या रहेछन्। तर म सबै समस्या निवारण गर्न सक्छु भन्ने होइन। सुधारका लागि इमान्दार प्रयास हुनेछ', अर्थमन्त्री महतले भने।
उनले अर्थतन्त्र सुधारका लागि जादु गरे जस्तो आजको भोलि नतिजा नआउने भन्दै यसका लागि धैर्यता चाहिने बताए। 'धैर्यता नागरिकले गर्ने तर सरकारले प्रयास नगर्ने भन्ने हुँदैन', उनले भने, 'अर्थतन्त्र सुधारका लागि राज्य संरचनाको सम्पूर्ण प्रयास रहने छ।' उनले यसका लागि निजी क्षेत्रको पनि सहयोग चाहिने बताए।अहिले सार्वजनिक ऋणको साँवा ब्याजको दायित्व निकै बढेको अर्थमन्त्री महतको भनाइ छ। भूकम्पपछिको पुनर्निर्माणका लागि लिएको ऋणको साँवा अर्को वर्षबाट तिर्नुपर्ने दायित्व आएको उनले बताए। त्यस्तै, बजेट विनियोजनमा कुशलता र कार्यान्वयनमा क्रियाशीलताका लागि पनि सरकारको जोड रहने उनको भनाइ छ।
'हाम्रा संरचनामा धेरै ठूलो सुधार आवश्यक छ। बजेटको प्रभावकारिता बढाउनु पर्नेछ। अहिलेको समस्या पुँजीगत खर्च नहुँदा बजारमा चाहिए जति पुँजी प्रवाह भएको छैन', उनले भने, 'अर्कोतर्फ बैंकिङ प्रणालीमार्फत पनि पुँजी प्रवाह हुन सकेको छैन।'
आर्थिक वर्षको अन्त्यमा खर्च गर्ने प्रवृत्तिमा सुधार आवश्यक रहेको महतले बताए। कार्यक्रममा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठले विभिन्न क्षेत्रबाट आएका सुझाव आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा समेट्ने प्रयास गरिने बताए। त्यस्तै बजेटमा समेटिन नसकेका विषयहरु १६औँ आवधिक योजनामा समेटिने बताए।
पूर्वमुख्यसचिव लीलामणि पौड्यालले सरकारले सामाजिक सुरक्षाका क्षेत्रमा भएको लगानीले पुँजी निर्माण गर्न र रोजगारी सिर्जना गर्न नसकेको बताए। ऋण लिएको रकम पनि अनुत्पादक क्षेत्रमा खर्च भइरहेको उनले बताए।अहिले अर्थतन्त्रमा देखिएको समस्या अहिले एकैपटक आएको नभई पछिल्लो तीन दशकयताका नीतिको नतिजा रहेको उनको भनाइ छ। 'विगत तीन दशक देखिका नीतिको साङ्गो-पाङ्गो नतिजा अहिले देखिएको हो। गलत नीतिका कारण थुप्रिएका समस्या हुन्', उनले भने।
बढ्दो चालु खर्च र खुम्चिएको राजस्वका कारण सिर्जित वित्तीय असन्तुलन अहिलेको चुनौती भएको उनको भनाइ छ। त्यस्तै, अब पूर्वाधार केन्द्रित बजेट नभई जनताका आधारभूत आवश्यकता केन्द्रित बजेट बनाउन आवश्यक रहेको उनले बताए। आयोजना र कार्यक्रमको प्राथमिकीकरण हुन नसकेको उनले बताए। कार्यक्रममा प्राडा शिवराज अधिकारीले नेपालमा भइरहेको लगानीअनुसार आर्थिक वृद्धिदर देखिन नसकेको र आर्थिक वृद्धिदरको तुलनामा रोजगारी सिर्जना हुन नसकेको बताए। 'लगानी बढेको छ तर त्यसको तुलनामा आर्थिक वृद्धिदर बढेको देखिँदैन। रोजगारी पनि बढेको छैन। सार्वजनिक ऋण र लगानी बढ्ने तर आर्थिक वृद्धिदर नबढ्ने भनेको पक्कै यहाँ केही समस्या छ', अधिकारीले भने।

# अन्तर्राष्ट्रिय बुद्धिष्ट ट्राभल मार्ट सम्पन्न




रासस
लुम्बिनी।
बुद्ध जन्मस्थल लुम्बिनीमा आयोजित दोस्रो अन्तर्राष्ट्रिय बुद्धिष्ट ट्राभल मार्ट-२०२३ ले गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमार्फत कनेक्टिभिटी प्रवर्द्धन र विस्तार गर्नुपर्नेमा जोड दिएको छ।
लुम्बिनीमा तीन दिनसम्म आयोजना गरिएको बुद्धिष्ट मार्टमा जारी सात बुँदे लुम्बिनी घोषणापत्रमा बुद्धसँग सम्बन्धित चार प्रमुख पवित्रस्थल लुम्बिनी, बोधगया, शारनाथ र कुशीनगरको बौद्ध सर्किटलाई अन्य बौद्धस्थलमा विस्तार गर्ने, प्रवर्द्धनका लागि साझा कथा विकास गर्नेसमेत उल्लेख गरिएको छ।
घोषणापत्रमा लुम्बिनी, भगवान बुद्ध (शाक्यमुनि) को जन्मस्थल र शान्तिको मुहानलाई बौद्ध परिक्रमाको सुरुआत बिन्दु र शान्ति गन्तव्यका रूपमा प्रवर्द्धन गर्ने, लुम्बिनी र अन्य बौद्धस्थलमा पर्यटकको बसाइ विस्तार गर्न विभिन्न गतिविधिसहितको साझा प्याकेज विकास गर्ने, पर्यटकलाई अन्तर्राष्ट्रिय नेटवर्किङ र संलग्न गतिविधिलाई प्राथमिकता दिने उल्लेख छ।
नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उयन मन्त्रालय र नेपाल पर्यटन बोर्डको आयोजना, नेपाल एशोसियशन अफ टुर एण्ड ट्राभल (नाट्टा) को संयोजन तथा लुम्बिनी विकास कोष, नेपाल वायुसेवा निगमको सहकार्यमा लुम्बिनीमा मार्टको दोस्रो संस्करण आयोजना गरिएको थियो।
सन् २०२४ को मार्च २४ मा तेस्रो अन्तर्राष्ट्रिय बुद्धिष्ट ट्राभल मार्ट आयोजना गर्नेसमेत जनाइएको छ। मार्टले अन्तर्राष्ट्रिय क्षेत्रमा बौद्ध पर्यटन, उत्पादन र गतिविधिको विकास, ब्रान्ड र प्रदर्शन गर्ने वार्षिक कार्यक्रमका रूपमा स्थापित हुने विश्वास गरिएको नेपाल पर्यटन बोर्डका कार्यकारी प्रमुख डा धनञ्जय रेग्मीले बताए।
उनले मार्टमा सहभागी विभिन्न देश तथा क्रेता र बिक्रेताको उपस्थितिले लुम्बिनीको पर्यटनलाई थप चलायमान बनाउने विश्वास व्यक्त गरे। लुम्बिनी आफैमा बुद्ध पर्यटनको केन्द्र हो। मार्टले कोभिडपछि शिथिल भएको पर्यटनलाई पुनःजागृत गर्न र लुम्बिनीको महत्वलाई थप उजागर गर्न सहयोग पुग्ने हाम्रो अपेक्षा छ, उनले भने।
लुम्बिनी विश्वविद्यालयका डीन डा मानिकरत्न शाक्यले लुम्बिनीमा आयोजना गरिएको अन्तर्राष्ट्रिय मार्टले बुद्ध दर्शन तथा यस क्षेत्रको प्रचारमा थप सहयोग पुग्ने बताए। कार्यक्रम समापनका अवसरमा पर्यटन विज्ञ प्रा डा हिमलाल घिमिरे, नाट्टाका अध्यक्ष रमेश थापा, वरिष्ठ उपाध्यक्ष प्रमोद दाहाल लगायतले मार्ट नेपालको बुद्ध पर्यटनका लागि एउटा महत्वपूर्ण कार्यक्रमका रुपमा विकास हँदै गइरहेको र यसले नेपालको समग्र पर्यटन चलायमान बनाउने बताए। मार्टका अवसरका विभिन्न क्षेत्रका विद्धानले बुद्ध दर्शन, बुद्ध पर्यटन बुद्धमार्गी देशसँगको सहकार्यलगायका विभिन्न विषयमा सामूहिक छलफल भएको थियो।
मार्टमा नेपालसहित भारत, मलेसिया, चीन, कोरिया, बङ्गलादेश, म्यान्मा, थाइल्याण्ड, श्रीलङ्कालगायत देशबाट २८ वटा ट्राभल/टुर कम्पनीको सहभागिता थियो। कार्यक्रममा स्वदेशी तथा विदेशी विज्ञद्वारा बुद्ध धर्म, बुद्धिष्ट पर्यटनलगायतका विभिन्न विषयमा कार्यपत्र प्रस्तुत गरिएको थियो।

# नौ महिनामा छ लाखलाई श्रम स्वीकृति




रासस
काठमाडौँ।
चालु आवको नौ महिनामा छ लाख नेपालीले श्रम स्वीकृति लिएका छन्। गत साउनयता पाँच लाख ४८ हजार छ सय ६४ पुरुष र ५३ हजार चार सय ८९ महिला गरी कुल छ लाख दुई हजार एक सय ५३ जनाले श्रम स्वीकृति लिएका वैदेशिक रोजगार विभागले जनाएको छ। यो नयाँ श्रम स्वीकृति र पुनःश्रमस्वीकृति लिनेको संख्या हो। प्रत्येक दिन दुई हजार बढीले श्रम स्वीकृति लिने गरेका छन्। गत साउन महिनामा ६३ हजार ३९, भदौमा ७६ हजार चार सय तीन, असोजमा ६२ हजार सात सय छ, कात्तिकमा ७८ हजार तीन सय ७०, मङ्सिरमा ६८ हजार पाँच सय ६४, पुसमा ६५ हजार चार सय ६४, माघमा ६४ हजार दुई सय ८४, फागुनमा ६१ हजार आठ सय ४५ र चैत महिनामा ६१ हजार चार सय ७८ जनाले श्रम स्वीकृति लिएका विभागको तथ्याङ्क छ।
सबैभन्दा बढी मलेसिया, साउदी अरेबिया, कतार र संयुक्त अरब इमिरेट्स (युएई) का लागि श्रम स्वीकृति जारी भएको छ। गत वर्षको सोही अवधिको तुलनामा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या ५१.५ र पुनः श्रम स्वीकृति लिनेको संख्या ५.५ प्रतिशतले वृद्धि भएको छ।
चैतसम्म तीन लाख ८७ हजार आठ सय ३९ ले नयाँ संस्थागत तथा व्यक्तिगत श्रम स्वीकृति र दुई लाख १७ हजार नौ सय ५९ जनाले पुनःश्रम स्वीकृति लिएका छन्।
वैदेशिक रोजगारीमा जानेको संख्या बढेसँगै विप्रेषण आप्रवाहमा पनि सुधार देखिएको छ। चालु आवको नौ महिनामा रु नौ खर्ब तीन अर्ब ३९ करोड विप्रेषण भित्रिएको नेपाल राष्ट्र बैंकले जनाएको छ। जुन अघिल्लो आवको सोही अवधिको तुलनामा २४.२ प्रतिशतले बढी हो।

# 'मौद्रिक नीतिको समीक्षाले तत्काल बजार चलायमान हुने देखिएन'




*आन्तरिक रेमिट्यान्स खुला नगर्दा अझै समस्या रहेको निजी क्षेत्रको भनाइ छ। 'मौद्रिक नीतिको त्रैमासिक समीक्षामा आन्तरिक रेमिट्यान्स भने खुला गरिएको छैन। यसबाट विद्यार्थी, निर्माण क्षेत्रमा कार्यरत श्रमिक, अनौपचारिक क्षेत्रमा कार्यरत कर्मचारी, सुरक्षाकर्मी, साना व्यवसायीलगायत सर्वसाधारणलाई रकम पठाउन कठिनाई भइरहेको छ', महासङ्घले भनेको छ। उत्पादनमूलक क्षेत्रमा दिइने कर्जाको ब्याजदर कम हुने नीतिगत व्यवस्थाको यथाशीघ्र कार्यान्वयन हुनुपर्ने माग महासङ्घको छ।*

रासस
काठमाडौँ।
नेपाल उद्योग वाणिज्य महासङ्घले मौद्रिक नीतिको समीक्षाले तत्काल बजार चलायमान हुने नदेखिएको टिप्पणी गरेको छ।
नेपाल राष्ट्र बैंकले शुक्रबार चालु आर्थिक वर्षको मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षा सार्वजनिक गर्दै बैंक दर घटाउने, कर्जाको पुनर्तालिकीकरण र पुनर्संरचना गर्न सकिने, नियमित ब्याज भुक्तानी भइरहेको ऋण भुक्तानीको समयसीमा थप गर्न सकिने लगायतका व्यवस्था कार्यान्वयनमा ल्याएको छ। तर मौद्रिक नीतिका समीक्षाबाट गरिएको व्यवस्थाले बजार चलायमान हुन सक्ने अवस्था नरहेको महासङ्घको भनाइ छ।'समीक्षाले खराब कर्जाको जोखिम, बढ्दै गएको मुद्रास्फीति, उच्च ब्याजदर लगायतका समस्यालाई स्वीकार गरे पनि ठोस र पर्याप्त उपाय अवलम्बन हुन नसक्दा तत्काल बजार चलायमान हुने अपेक्षा न्यून छ', मौद्रिक नीतिको समीक्षामाथि प्रतिक्रिया दिँदै महासङ्घले भनेको छ।
आर्थिक गतिविधिहरु शिथिल हुँदा उद्यमी व्यवसायीमा कर्जाको साँवाब्याज तिर्न सक्ने क्षमता कम हुँदै गएको भन्दै राष्ट्र बैंकले आंशिक रुपमा ऋणको पुनर्तालिकीकरण र पुनर्संरचनाको सुविधा दिएको छ। होटल तथा रेस्टुरेन्ट, पशुपक्षीपालन, निर्माण क्षेत्रसँग सम्बन्धित कर्जा र रु पाँच करोडसम्मको अन्य क्षेत्रमा प्रवाह भएको कर्जालाई २०८० साल असार मसान्तभित्र पुनर्संरचना र पुनर्तालिकीकरण गर्न सक्ने सुविधा दिएको छ। तर यसमा उत्पादनमूलक क्षेत्र छुटेको महासङ्घको भनाइ छ।
राष्ट्र बैंकले मौद्रिक नीतिको समीक्षामार्फत बैंकदर घटाए पनि कर्जाको ब्याजदर तत्काल घट्नसक्ने अवस्था नरहेको महासङ्घको ठहर छ।
'समीक्षामार्फत बैंक दरलाई एक प्रतिशत विन्दुले घटाएर सात दशमलव पाँच प्रतिशत कायम गरिएको छ। यसबाट सैद्धान्तिक रुपमा ब्याजदर घटने अपेक्षा गरिन्छ', महासङ्घले भनेको छ, 'तर बैंकर्स सङ्घले आगामी महिनाका लागि ब्याजदर यथावत् राख्ने निर्णय गरिसकेको हुँदा तत्काल कर्जाको ब्याजदर घट्ने सम्भावना न्यून देखिन्छ।'बैंक तथा वित्तीय संस्थाबाट जारी भएका ऋणपत्रलाई कर्जा निक्षेप अनुपात ९सिडी रेसियो० गणना गर्ने प्रयोजनाका लागि स्रोत (निक्षेप) का रुपमा समेत गणना गर्न पाउने विद्यमान व्यवस्थालाई २०८० पुस मसान्तसम्मका लागि निरन्तरता दिएको छ। यो व्यवस्थाबाट बैंकहरूलाई कर्जा प्रवाह गर्न प्रेरित गर्ने भए पनि दीर्घकालीन समाधान भने दिन सक्ने महासङ्घले जनाएको छ।पछिल्ला दुई त्रैमाससम्म लगातार ऋणात्मक वृद्धि हुन गएका आर्थिक क्षेत्रसँग सम्बद्ध ऋणीहरुले पुनर्कर्जा सुविधा पाउने व्यवस्था मौद्रिक नीतिको त्रैमासिक समीक्षामार्फत गरिएको छ। यो व्यवस्थाअनुसार उद्योग, निर्माण र व्यापार क्षेत्रसँग सम्बन्धित व्यवसायले सुविधा पाउनेछन्। तर व्यापार क्षेत्रलाई नकारात्मक सूचीमा राख्न सक्ने सम्भावना पनि रहेको हुँदा मर्का परेका सबैलाई सुविधा दिइनुपर्ने माग महासङ्घको छ। ऋणात्मक भएका मात्र नभई अन्य न्यून वृद्धि भएका क्षेत्रहरु पनि समस्यामा रहेको हुँदा सबै क्षेत्रलाई उक्त सुविधा उपलब्ध गराउनुपर्ने उसको भनाइ छ।चालुपूँजी कर्जा मार्गदर्शन २०७९ मा रहेको वार्षिक रुपमा सात दिनसम्म शून्य बक्यौता कायम गर्ने लगायतका व्यवस्था पुनरावलोकन गर्न महासङ्घले राष्ट्र बैंकलाई आग्रह गरेको छ। त्यसैगरी, चालु पूँजी कर्जाको सीमा २५ प्रतिशतमात्र गरिनु अव्यावहारिक रहेकाले यसलाई हटाउनुपर्ने माग उसको छ।
आन्तरिक रेमिट्यान्स खुला नगर्दा अझै समस्या रहेको निजी क्षेत्रको भनाइ छ। 'मौद्रिक नीतिको त्रैमासिक समीक्षामा आन्तरिक रेमिट्यान्स भने खुला गरिएको छैन। यसबाट विद्यार्थी, निर्माण क्षेत्रमा कार्यरत श्रमिक, अनौपचारिक क्षेत्रमा कार्यरत कर्मचारी, सुरक्षाकर्मी, साना व्यवसायीलगायत सर्वसाधारणलाई रकम पठाउन कठिनाई भइरहेको छ', महासङ्घले भनेको छ। उत्पादनमूलक क्षेत्रमा दिइने कर्जाको ब्याजदर कम हुने नीतिगत व्यवस्थाको यथाशीघ्र कार्यान्वयन हुनुपर्ने माग महासङ्घको छ।

# 'बागमती गट ट्यालेन्ट सिङ्गिङ एन्ड डान्सिङ रियालिटी शो' हुने




रासस
काठमाडौँ।
बालबालिकामा रहेको प्रतिभालाई बाहिर ल्याउन गायन र नृत्यमा प्रतिस्पर्धात्मक रियालिटी शो 'बागमती गट ट्यालेन्ट सिङ्गिङ एन्ड डान्सिङ रियालिटी शो' हुने भएको छ।
एएनपी मिडिया हाउसका अध्यक्ष लवबहादुर कार्कीले बागमती प्रदेशका गायन तथा नृत्य प्रतिभाका लागि प्रतियोगिताको आयोजना गर्न लागिएको जानकारी दिए।
'गाउँगाउँका अवसरविहीन गायन र नृत्य प्रतिभालाई मञ्च प्रदान गर्न यो रियालिटी शो आयोजना गर्दैछौँ, बालबालिकामा सानैदेखि फरक स्तरको पाइने प्रतिभालाई अवसर र मञ्च पाउनबाट वञ्चित गर्नु हुँदैन', अध्यक्ष कार्कीले भने, 'बागमती प्रदेशका नौ स्थानमा पुगेर प्रतिभाको खोजी गर्नेछौँ, चरणबद्धरुपमा बाँकी छ प्रदेशका प्रतिभाका लागि पनि यसप्रकारको प्रतियोगिता गर्ने योजना छ।'
आठदेखि १३ वर्षसम्मका बालबालिका सहभागी हुन पाउने शोको अडिसन आजदेखि सुरु हुँदैछ। धादिङ, चितवन, मकवानपुर, काभ्रेपलाञ्चोक, मन्थली, सिन्धुली, भक्तपुर र काठमाडौँमा चरणबद्धरुपमा अडिसन गरेर छनोट भएका प्रतियोगीलाई काठमाडौँमा ल्याएर पुनः अडिसन गरिनेछ। त्यहाँबाट छनोट भएका बालबालिका शोमा सहभागी हुनेछन्। यस शोमा गायन र नृत्य विधामा प्रथम हुनेले रु एक लाख, द्वितीय हुनेले रु ३० हजार र तृतीय हुनेले रु २० हजार प्राप्त गर्नेछन्। यसको निर्णायकमा अभिनेत्रीद्वय मिथिला शर्मा र गौरी मल्ल, गायकगायिकाद्वय आनन्द कार्की र देविका वन्दना रहनुभएको छ। 'नयाँ प्रतिभा पाउनेमा विश्वस्त छौँ, हामीले इच्छा राखेका बालबालिकाका लागि अवसर प्रदान गर्दैछौँ', अभिनेत्री शर्माले भने।

# जनकपुरधामको आन्तरिक आयवृद्धि र प्राथमिक क्षेत्रमा लगानी




**रासस**
**जनकपुरधाम।**
मधेश प्रदेश राजधानीकारुपमा रहेको धनुषाको जनकपुरधाम उपमहानगरपालिकालाई स्थानीय जनताका आवश्यकता पूर्ति गर्दै हेर्न लायक प्रादेशिक सहर बनाउनुपर्ने जिम्मेवारीसमेत छ। त्यसैमा पौराणिक, ऐतिहासिक एवं धार्मिक सहरको स्थापित पहिचानलाई मध्यनजर गर्दै धार्मिक पर्यटनमैत्री विकास गतिविधि सञ्चालन गर्नु उपमहानरपालिकाको अर्को दायित्व छ। यसलाई पूरा गर्न अन्दाजको भरमा काम गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै प्राथमिकतामा आधारित विकास योजना र आन्तरिक आम्दानीको दायरा बढाउनुपर्ने चुनौती उपमहानगरलाई छ।

'स्थानीय जनताका आवश्यकता, प्रादेशिक र अन्तर्राष्ट्रिय समुदायलाई समेत आकर्षित गर्ने गरी व्यवस्थित धार्मिक सहर बनाउनुपर्ने दायित्व उपमहानगरको काँधमा छ। हाम्रा लागि यो अवसर र चुनौती दुवै हो', उपमहानगरपालिका प्रमुख मनोजकुमार साहले भने, 'त्यसका लागि विगतमा भएका राम्रा अभ्यासको अनुशरण र सुधार्नुपर्ने पक्षको प्राथमिकीकरण गरी आगामी वर्षको नीति तथा कार्यक्रम र बजेटबाट केही फरक गर्ने सोचसहित अगाडि बढ्छौँ।'

उनले जनकपुरधाम उपमहानगरपालिकाको एक्लै प्रयासले महत्वपूर्ण कार्य गर्न सजिलो नरहेको भन्दै नागरिक, सङ्घ तथा प्रदेश सरकारको पनि यसमा ठोस योगदान जरुरी रहेको बताए।

'स्थानीय जनताका आवश्यकता मात्रै पूर्ति गर्नुपर्ने भए सोहीअनुसारको योजना बनाउँथ्यौँ तर हेर्न लायक स्वच्छ प्रादेशिक र ऐतिहासिक धार्मिक सहरको संवेदनालाई पनि ख्याल गरेर विकास योजना कार्यान्वियन गर्नुपर्नेछ। त्यसका लागि जिम्मेवारीपूर्वक कर तिर्ने नागरिक, नागरिकमैत्री सेवाप्रवाह र योजनाबद्ध विकास खाकासहितको पर्याप्त लगानी सुनिश्चितता अहिलेको आवश्यकता हो', साहले भने।

उपप्रमुख किशोरी साहले पनि जनकपुरधामको ऐतिहासिक संवेदनशीलतालाई मध्यनजर गरी तथ्य र प्राथमिकतामा आधारित ठोस योजना बनाउन आगामी आर्थिक वर्षको बजेटबाट निश्चित सङ्कल्प लिनुपर्ने आवश्यकता औँल्याए। चालु आवमा पहिले २० प्रतिशत र अन्तिममा ५० प्रतिशत बजेट कटौती हुँदा भोग्नुपरेको समस्यालाई सिकाइका रुपमा लिनुपर्ने भन्दै उपप्रमुख साहले आफ्नै आम्दानी बढाउँदै जानुपर्ने दबाबलाई थेग्ने गरी आगामी आर्थिक वर्षको बजेटबाट ठोस पहलकदमी लिनुपर्ने बताए। 'आर्थिक अभाव देखाउँदै सङ्घ सरकारले बजेट कटौती गरेको छ। यो अवस्था आगामी दिनमा पनि रहेमा विकास निर्माण तथा नागरिकका आवश्यकता सम्बोधनमा समस्या हुन्छ। त्यसैले पनि आन्तरिक स्रोतवृद्धिमा जोड दिनुपर्नेछ', उपप्रमुख साहले भने, 'प्रतिकूलताका बीच पनि कसरी काम गर्ने, आम्दानीको स्रोतवृद्धिका उपाय के हुनसक्छन्, नागरिकलाई समस्याको बोध गराउँदै नियमानुसारको कर तिर्न कसरी आकर्षित गर्ने र उपमहानगरले अझ बढी जिम्मेवारी एवं जवाफदेहीतासहित कसरी प्रस्तुत हुने भन्ने विषयमा छलफल गर्छौं। त्यसले आगामी आवको बजेट तथा कार्यक्रमबाट निश्चित प्रतिफल दिनेछ।'

उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रत्नेश शशीले आन्तरिक आय बढाउने गरी पहिलेका नीतिको समीक्षा, सुधार र परिमार्जन, आगामी आवमा लिनुपर्ने प्रभावकारी नीति, कार्यक्रम र योजना, आम्दानीका सम्भावित स्रोत पहिचानलगायतका विषयमा गम्भीर छलफल गरी निष्कर्षमा पुग्ने बताए। उनले भने, 'अब सङ्घ, प्रदेश वा अरुतिर समस्या देखाएर त केही हुँदैन। सबैले आफ्नो जिम्मेवारी इमान्दारितापूर्वक बहन गर्नुपर्ने आवश्यकता छ। उपमहानगरको आन्तरिक स्रोतसाधन र आम्दानी बढाउने गरी बजेट बनाउन काम गरिरहेका छौँ।'

*उपमहानगरपालिकामा आव २०७८/७९ मा कूल रु एक अर्ब ५३ करोड ८७ लाख वार्षिक बजेटमध्ये आन्तरिक आयस्रोतको योगदान १३ करोड एक लाख रहने लक्ष्य राखिएकोमा ज्येष्ठ मसान्तसम्म रु ११ करोड ६४ लाख ४६ हजार (आन्तरिक राजस्व सङ्कलन) थियो। आव २०७९/८० को कूल बजेट रुपैया एक अर्ब ८० करोड ७१ लाख ४५ हजारमध्ये रु १४ करोड ३१ लाख १० हजार आन्तरिक राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकामा चैत मसान्तसम्म रु १० करोड ३४ लाख नौ हजार सात सय ८६ सङ्कलन गरिएको उपमहानगरपालिका राजस्व शाखाको तथ्याङ्क छ।*

उपमहानगरपालिकामा आव २०७८/७९ मा कूल रु एक अर्ब ५३ करोड ८७ लाख वार्षिक बजेटमध्ये आन्तरिक आयस्रोतको योगदान १३ करोड एक लाख रहने लक्ष्य राखिएकोमा ज्येष्ठ मसान्तसम्म रु ११ करोड ६४ लाख ४६ हजार (आन्तरिक राजस्व सङ्कलन) थियो। आव २०७९/८० को कूल बजेट रु एक अर्ब ८० करोड ७१ लाख ४५ हजारमध्ये रु १४ करोड ३१ लाख १० हजार आन्तरिक राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकामा चैत मसान्तसम्म रु १० करोड ३४ लाख नौ हजार सात सय ८६ सङ्कलन गरिएको उपमहानगरपालिका राजस्व शाखाको तथ्याङ्क छ।

उपमहानगरका प्रवक्ता तथा राजस्व शाखा प्रमुख परमेश्वरकुमार झाले आगामी आवमा २० देखि ३० प्रतिशत राजस्व वृद्धि गर्ने गरी आफूहरुले सम्भावित क्षेत्रको अध्ययन गरिरहेको जानकारी दिए। 'अहिलेसम्म अधिकांश स्रोतका लागि सङ्घ सरकारको भर पर्नुपर्ने अवस्था छ। लक्ष्यअनुसारको राजस्व सङ्कलन भइरहे पनि त्यतिले मात्रै धेरै काम गर्न सकिँदैन', झाले भने, 'आन्तरिक स्रोत वा राजस्व अभिवृद्धि गर्ने दायरा एक्कासि बढ्ने अवस्था नभए पनि हालको आन्तरिक आयमा २० देखि ३० प्रतिशत बढाउनुपर्ने सोचसहित तयारी गरिरहेका छौँ।'

उपप्रमुखको नेतृत्वमा रहेको राजस्व परामर्श समितिले विभिन्न चार वटा उपसमिति बनाएर आन्तरिक आयवृद्धिका सम्भावित क्षेत्रको विस्तृत अध्ययन भइरहेको छ। नगर कार्यपालिका सदस्य सन्तोष महतो नेतृत्वको समितिले पोखरी, राकेश विक्रम साह नेतृत्वमा हाटबजार, दीपेन्द्रकुमार साह नेतृत्वको समितिले घरजग्गा, घरधुरी, बहालकर र मनिषा देवीको नेतृत्वमा व्यवसाय दर्तामा देखिएका समस्या तथा सम्भावनाबारे अध्ययनको काम भइरहेको हो।

'प्रदेश राजधानी भएर पनि वीरगञ्ज, विराटनगरजस्तो व्यापारिक कारोबार, आम्दानी र राजस्वको सुदृढ अवस्था यहाँ छैन तर पनि भएकै स्रोत पहिचान, परिचालन र व्यवस्थापन गरेर सबल कसरी हुने भनेर छलफल गरिरहेका छौँ। आगामी आवमा पक्कै पनि केही सुधार हुनेछ', झाको भनाइ छ।

गुठी र मन्दिर नै मन्दिरको सहर भए पनि जनकपुरधाम उपमहानगरपालिकाले त्यसबाट प्रत्यक्ष लाभ लिन सकिरहेको छैन। पच्चीस वडामध्ये वडा नं १ देखि १३ सम्मको अधिकांश भूमिकरअर्थात् मालपोत गुठी संस्थानले उठाउँछ। भूमिकर शीर्षकमा उपमहानगरको कूल कर सङ्कलन लक्ष्य रु ६७ लाख मात्रै छ, त्यसमा पनि हालसम्म आधाभन्दा कमअर्थात् रु ३३ लाख मात्र सङ्कलन भएको छ। बहाल करको कूल लक्ष्य दुई करोड २० लाख मात्रै छ तर यो लक्ष्यभन्दा बढी नै सङ्कलन हुने गरेको छ। पोखरीको सहर भनेर चिनिए पनि अधिकांश पोखरी उपमहानगरको अधिनमा छैनन् र भएका पोखरीबाट पनि आर्थिक लाभ लिन सकिएको छैन।

यी सबै समस्या, सम्भावना र आवश्यकतालाई दृष्टिगत गरी अध्ययन गरिरहेका चार वटा उपसमितिको अध्ययन प्रतिवेदन र सुझावअनुसार आन्तरिक आम्दानीको हिस्सा बढाउने गरी काम गर्ने उपमहानरपालिकाको योजना छ। त्यसबाहेक करको दायरभन्दा बाहिर रहेका विद्युतीय रिक्सासम्बन्धी कानुन बनाएर लागू गर्ने, भानुचोकमा निर्माणाधीन व्यावसायिक भवनको प्रयोग, पिकनिकस्थल विकास र पोखरीको सौन्दर्यीकरण गरी आम्दानी बढाउन सकिने उपमहानगरपालिकाको विश्वास छ।प्रशासकीय अधिकृत शशीले आव २०७४/०७५ देखि चलिरहेको करको दर र दायराबारे समीक्षा, दुई वर्षदेखि रोकिएको विज्ञापनको टेण्डर, प्राथमिकता निर्धारण गरी योजना छनोट र बजेट विनियोजनमा जोड दिने बताइरहँदा उपमहानगर प्रमुख साहले पनि बेरुजु फछ्र्योट, फोहर व्यवस्थापन र शिक्षा क्षेत्रमा सुधार ल्याउने गरी आगामी आवमा बजेट तथा कार्यक्रम ल्याउने गरी तयारी भइरहेको सुनाए।

# सगरमाथा आरोहण सुरु

**रासस**
**काठमाडौं।**
यस वर्षको वसन्त ऋतुमा शनिबारदेखि सगरमाथा आरोहण सुरु भएको छ। आरोहणका लागि दक्ष कामदार (आइसफल डाक्टर)ले शनिबार दिउँसो सगरमाथाको चुचुरोसम्म 'रोप फिक्सिङ' (डोरी टाँग्ने) गरेपछि आरोहणको ढोका खुलेको हो। प्रतिकूल मौसमका कारण तीन सातायता आरोहणको प्रतिक्षामा रहेका आरोही खुसी भएका छन्।

सगरमाथाको दोस्रो शिविरमाथिको बाटो बनाउने जिम्मा पाएको इमाजिन नेपाल ट्रेक एन्ड एक्सपिडिसन कम्पनीका अनुसार आइसफल डाक्टरले शनिबार दिउँसो १ बजेर ५२ मिनेटमा सगरमाथाको चुचुरोसम्म बाटो खोलेर आरोहण खुलेको सन्देश दिएका छन्।

'सगरमाथा समिटसम्मको रुट फिक्सिङ सक्यो, दिउँसो १ बजेर ५२ मिनेटमा आठ जना शेर्पा र एक फोटोग्राफर चुचुरोमा पुगे', कम्पनीका कार्यकारी निर्देशक दावा ग्याल्जे शेर्पाले जानकारी दिए।

अहिले धेरै संख्यामा आरोही सगरमाथाको चौथो शिविरमा रहेकाले भोलि विहानसम्म उल्लेख्य आरोही चुचुरोमा पुग्ने अनुमान गरिएको उनको भनाइ छ। 'इमाजिन नेपालको शेर्पाको टोलीले समिटसम्म बाटो खोलेको छ। आज मे १४ देखि २० तारिखसम्म सगरमाथाको मौसम राम्रो रहेकाले धेरै आरोही चुचुरोमा पुग्नेछन्', उनले भने।

दावा ग्याल्जे शेर्पा दोलखा रोलवालिङका शेर्पा अन्तर्राष्ट्रिय माउन्टेन गाइड समेत छन्। रोप फिक्सिङ गर्ने समूहका अन्य सदस्यमा सोलुखुम्बु थामेका निमानुरु शेर्पा, लाक्पासोना शेर्पा, पासाङ निमा शेर्पा, लाक्पा तेन्जिङ शेर्पा, फुर ग्याल्जेन शेर्पा, दावा जङ्बु शेर्पा र संखुवासभाका दीपेन गुरुङ रहेका छन्।

'प्रतिकुल मौसमका कारण लामो समयदेखि रोप फिक्सिङको काम हुन सकेको थिए, आज मौसम अनुकुल भएसँगै डोरी टाँग्ने पूरा भएपछि आरोहणको सुरु भएको छ।' उनले धेरै आरोही सगरमाथाको चुचुरोतर्फ जाने तयारीमा रहेको जानकारी दिए। यतिबेला सगरमाथाको आधार शिविर र दोस्रो शिविर आसपासमा आरोहणका लागि सयौं संख्यामा आरोही यतिबेला प्रतिक्षारत छन्। उनीहरु मौसम अनुकूलताअनुसार सगरमाथाको शिखरतर्फ अघि बढ्नेछन्। आइसफल डाक्टरले यही वैशाख १० गते नै सगरमाथाको साउथ कोल (चौथो शिविर)सम्म बाटो खुलाइसकेका थिए। मौसम अनुकूल भइदिएको भए वैशाख २१ गतेसगरमाथाको चुचुरोसम्म पुग्ने बाटो खुलिसक्थ्यो। सगरमाथाको दोस्रो शिविरसम्म सगरमाथा प्रदुषण नियन्त्रण समिति (एसपिसिसी) ले बाटो बनाएको थियो।

वसन्त ऋतुको सगरमाथा आरोहणका लागि मौसम पूर्वानुमान गरिरहनुभएका एक वरिष्ठ मौसमविद्का अनुसार सगरमाथाको सात हजार ५०० मिटरमाथितिर तीव्र वेगको हावा चलेकाले पूर्वनिर्धारित ससयमा चुचुरोसम्म बाटो खुलाउन कठिन भएको थियो। उक्त क्षेत्रमा वैशाख २० गतेदेखि बिग्रिएको मौसम अहिले केही सुधार आएको हो। प्रतिघण्टा ४० देखि ५० किलोमिटर हावाको वेग चलेकाले आरोहणमा केही ढिलाइ भएको हो।

वसन्त ऋतुमा सगरमाथा आरोहण गर्न इतिहासकै सर्वाधिक बढी आरोहीले अनुमति लिएका छन्। पर्यटन विभागका अनुसार ४४ आरोही समूहका चार सय ६७ आरोहीले आरोहण अनुमति लिएका हुन्। जसमध्ये ९८ महिला र तीन सय ६९ पुरुष छन्। सगरमाथा आरोहणको ७० वर्षे लामो इतिहासमा यो यामको आरोहणमा सबैभन्दा बढी आरोहीको संख्या हो।

आरोहणलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन विभागले सगरमाथा आधार शिविरमा अनुगमन तथा सहजीकरण गर्नका लागि सम्पर्क कार्यालय स्थापना गरेको छ। पर्यटन विभागको विवरणमा सगरमाथा आरोहणका लागि नेपालसहित ६५ देशका नागरिकले अनुमति लिएका छन्। सन् १९५३ मे २९ तारिखका दिन दुई साहसी पर्वतारोही नेपाली तेन्जिङ नोर्गे शेर्पा र न्यूजिल्याण्डका सर एडमन्ड हिलारीले सगरमाथाको चुचुरोमा पुगेर आरोहणको ढोका खुलाएका थिए। सगरमाथाको चुचुरोमा मानवले पहिलो पटक पाइला टेकेको ७० वर्ष पुगेको छ। सगरमाथा आरोहणको इतिहासमा हालसम्म करिब सात हजार स्वदेशी तथा विदेशीले आरोहण गरेका छन्। तथ्याङ्क अनुसार हालसम्म तीनसय भन्दा बढी आरोहीले सगरमाथा आरोहणका क्रममा ज्यान गुमाएका छन्।पर्वतारोहण सञ्चालक सङ्घ नेपालका अध्यक्ष डम्बर पराजुलीले मौसम लगायतका विभिन्न कठिनाइका बाबजुद पनि आरोहणको ढोका खुलेको बताए।

# खडेरीको असर जङ्गली निगुरोमा पनि

**रासस**
**बेलबारी।**
विगत वर्षमा वैशाख पहिलो सातादेखिनै जङ्गलमा पाइने निगुरो सुक्खा खडेरीले यो वर्ष फस्टाउन सकेको छैन। जङ्गलको निगुरो टिपेरै गुजारा चलाउनेले विकल्प भेट्टाएका छैनन्।



मोरङको उत्तरी भेगको जङ्गलमा वर्षायाममा प्रशस्त मात्रामा निगुरो पाइन्छ। यहाँको निगुरो काठमाडौँसमेत जान थालेपछि माग ह्वात्तै बढेको छ तर डढेलोलेको कारण जङ्गलमा सिला खोज्ने पनि अवस्था नरहेको बेलबारी-१० भाउन्नेका टेकबहादुर याखा बताउछन्। याखा विगत पाँच वर्षदेखि पूर्व पश्चिम राजमार्गको चिसाङ खोला डिलमा निगुरो बेच्दै आएका छन्। 'यो साल समयमा पानी पर्न सकेन, अझै केही समय यस्तै हो भने यो साल निगुरो खान पाइन्छ जस्तो छैन', याखा बताउछन्। पथरी, कानेपोखरी, लेटाङ, भाउन्नेलगायतका सामुदायिक वनमा पाइने निगुरो टिप्न विगत वर्षहरुमा बिहानैदेखि साँझसम्म स्थानीयको जङ्गलमा भीडनै हुन्थ्यो। सयौ परिवारको गुजारा निगुरो टिपेरै चलाउने गरेको बेलबारी-११ का मेघराज बस्नेत बताउछन्। उनी निगुरो टिपेर ल्याउनेसँग खरिद गरेर काठमाडौँ पठाउने गरेको बताए।

मौसमले साथ दिने हो भने दैनिक दर्जनौँ गाडी निगुरो काठमाडौँ, पोखरालगायत सहरमा निर्यात हुन्छ तर यस विषयमा सरकारी निकायले नत कुनै तथ्याङ्क नै राखेको छ नत चासो नै। कृषि मन्त्रालय कोशी प्रदेशका प्रवक्ता पशुपति पोखेलका अनुसार हालसम्म मन्त्रालयमा निगुरो निर्यातको विषयमा कुनै पनि तथ्याङ्क नरहेको बताए। व्यावसायिक हिसाबले किसानद्वारा उत्पादित वस्तुको मात्र मन्त्रालयले तथ्याङ्क राखेको तर जङ्गलमा आफैँ उम्रिएको निगुरोको विषयमा कुनै पनि तथ्याङ्क नरहेको तर सामुदायिक वनले तथ्याङ्क राखेको हुनसक्ने प्रवक्ता पोखेल बताउछन्।

कृषिविज्ञ डा राजेन्द्र उप्रेतीका अनुसार निगुरो एक उनिउ प्रजातिको वनस्पति भएकाले यसले चिस्यान क्षेत्र रोज्ने गरेको र त्यस क्षेत्रमा मात्र राम्ररी फस्टाउने गरेको बताउछन्। समयमा पानी नपरेर जमिन सुक्खा हुँदै गएमा निगुरो मासिन सक्ने डा उप्रेती बताउछन्।

चैत दोस्रो हप्तादेखी जङ्गलमा टिप्न मिल्ने निगुरो असोज अन्तिमसम्म टिप्न सकिने र जति टिप्यो त्यति राम्रो निगुरो पलाउने निगुरो व्यवसायी भद्रमाया भट्टराई बताउछन्।

उनका अनुसार केही वर्ष पहिले यसरी निगुरो काठमाडौँ निर्यात हुँदैन थियो र बजारको खोजीमा इटहरी, दमक, बिर्तामोडसम्म पुऱ्याउनुपर्थ्यो। 'तर अहिले अरुले टिपेर ल्याएको हामिले सङ्कलन गर्छौं र हामीसँग काठमाडौँका व्यापारीले किनेर लैजान्छन्', उनी भन्छन्। जनसेवा सामुदायिक, कमलपुर सामुदायिक, सिंहदेवी सामुदायिक, सिर्जना र लक्ष्मी सामुदायिक वनमा दैनिक निगुरो टिप्न आउने धेरै भएकाले पनि यस क्षेत्र निगुरो सङ्कलन केन्द्रका रूपमा विकसित हुँदै गएको छ। विद्यालय तथा कलेजस्तरमा पढ्दै गरेका विद्यार्थीले समेत बिदाको समयमा निगुरो टिपेर पढाइ खर्च जुटाउने गरेका छन्।

# सरकारलाई हाम्रो सहयोग रहन्छ : लामिछाने



## पार्टीसँग मदन राईको कुनै सम्बन्ध छैन : रास्वपा

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले किशोरकिशोरीलाई यौन दुर्व्यवहार गरेको आरोपमा पक्राउ गरेका कृषिविज्ञ मदन राईसँग पार्टीको कुनै किसिमको सम्बन्ध नभएको जनाएको छ।

पार्टीका महामन्त्री तथा प्रवक्ता डा मुकुल ढकालद्वारा हस्ताक्षरित प्रेस विज्ञप्तिमा राईले किशोरकिशोरीमाथि गरेको यौन दुर्व्यवहार निन्दनीय भएको समेत जनाइएको छ। 'राष्ट्रिय स्वतन्त्र पार्टीसँग कृषिविज्ञ मदन राईको सम्बन्धका बारेमा आएका प्रश्न र प्रतिक्रियाप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ, हाम्रो पार्टीले २०७९ साल भदौ ११ गते खुलामञ्चमा गरेको उपत्यका भेलामा उनलाई अतिथि वक्ताका रुपमा स्थान दिइएको थियो, राष्ट्रिय स्वतन्त्र पार्टीको साधारण सदस्यसमेत नरहेका राईलाई अध्ययन र अनुभवले कृषि विज्ञका रुपमा निम्ता गरिनु तत्कालीन अवस्थामा अस्वाभाविक थिएन, सो कार्यक्रमपश्चात् राष्ट्रिय स्वतन्त्र पार्टीसँग मदन राईको कुनै पनि किसिमको सम्बन्ध नरहेको जानकारी गराउँछौँ', विज्ञप्तिमा भनिएको छ।यसैगरी राईले किशोरकिशोरीमाथि गरेको दुर्व्यवहार निन्दनीय भएको र निजलाई कानुनबमोजिम कारबाही हुनुपर्ने विज्ञप्तिमार्फत जनाइएको छ।

**रासस**
**भक्तपुर।**
राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले जनताको पक्षमा काम गर्दै गए सरकारलाई आफ्नो पार्टीले सहयोग गर्ने बताएका छन्।शनिबार यहाँ राष्ट्रिय स्वतन्त्र पार्टी सूर्यविनायक नगर समिति गठन कार्यक्रममा उनले आफ्नो पार्टी नागरिकको पक्षमा काम गर्ने सरकारलाई सहयोग गर्ने प्रतिपक्षका रुपमा उभिने बताए। सभापति लामिछानेले भने, 'प्रधानमन्त्रीलाई मैले हिजो बालुवाटारमा गएर भेटेको छु, मैले उनलाई हौसला दिएर आएको छु, भ्रष्टाचारका सबै फाइल एकपछि अर्को खोल्नूस्, जुनसुकै दलका नेता परे पनि जोगाउन नलाग्नूस्, दोषीमाथि कारबाही गर्नूस्, हाम्रो पार्टीबाट नागरिकका पक्षमा काम गरे सहयोग गर्छौं।'

उनले सरकारलाई दोषीमाथि कारबाही र पक्राउ गर्न खुट्टा नकमाउन आग्रह गर्दै नक्कली भूटानी शरणार्थी काण्डमा सरकारलाई धन्यवाद दिएको तथा वाइडबडी, यति, ओम्नी लगायतका सबै काण्डहरुको फाइल खोल्दै गए धन्यवाद दिँदै जाने र सहयोग गर्दै जाने बताए।

कार्यक्रममा रास्वपाका प्रमुख सचेतक सन्तोष परियारले सबै पार्टी मिलेर भ्रष्टाचार निर्मूल पार्दै राजनीतिलाई शुद्धिकरण गर्नुपर्ने औँल्याउँदै नेताले भ्रष्टाचार गरेर नियतवश जनतालाई गरिब बनाएको आरोप लगाए। रास्वपाका केन्द्रीय सदस्य डा तोसिमा कार्कीले देशमा व्यवस्था परिवर्तन भए पनि शासकीय सोच परिवर्तन नभएको भन्दै व्यवस्था नभई देशको अवस्था परिवर्तन गर्ने अभियान आफ्नो पार्टीले चलाएको बताए।

# आपूर्ति शृंखला विविधीकरणमा जोड

**रासस**
**निगाता।**
जी-७ राष्ट्रहरूले यस वर्ष आपूर्ति शृंखला विविधीकरण गर्न साझेदारी योजना शुरु गर्ने योजना बनाएका छन् । सो समूहका अर्थमन्त्रीहरूले अर्को हप्ताको हुन लागेको प्रमुख शिखर सम्मेलन अघि जापानमा वार्तापछि शनिबार सो बारे आफ्नो धारणा सार्वजनिक गरेका छन्।
मन्त्रीहरूले स्वच्छ ऊर्जा प्रविधिमा केन्द्रित पहलको प्रेरणाको रूपमा चीन वा रुससँगको व्यापारमा निर्भरता कम गर्ने इच्छालाई भने प्रत्यक्ष रूपमा उल्लेख गरेका छैनन्।
तर संयुक्त राज्य अमेरिकाले राष्ट्रिय सुरक्षा चिन्तालाई उद्धृत गर्दै चीनलाई चिप कम्पोनेन्टहरूमा निर्यात नियन्त्रणको लागि एक धक्का दिएको र ट्रेजरी सेक्रेटरी जेनेट येलेनले विश्वव्यापी अर्थतन्त्रमा हालैका झटकाहरूलाई त्यसैको सापेक्षमा औंल्याएका छन्। 'रुसको युक्रेन विरुद्धको युद्ध र महामारीका कारणले हुने



अवरोधहरूले विविध र लचिलो आपूर्ति शृंखलाको महत्त्वलाई स्पष्ट पारेको ,' उनले पत्रकार सम्मेलनमा औंल्याएका छन्।
जापानी वित्त मन्त्री शुनिची सुजुकीले पनि कोविडले 'सप्लाई चेनहरूको नकारात्मक पक्ष' बारे आफ्नो धारणा राखेजा छन् । संयुक्त विज्ञप्तिमा जी-७का अर्थ मन्त्रीहरू र केन्द्रीय बैंकका प्रमुखहरूको समूहले 'यस वर्षको अन्त्यसम्ममा' विश्व बैंकसँगको सहकार्यमा साझेदारी शुरु गर्ने आशा व्यक्त गरेका छन्।
शनिबार वित्त वार्ता समाप्त भएपछि मन्त्रीहरूले रूसमा जारी प्रतिबन्धहरूप्रति आफ्नो प्रतिबद्धतालाई पुनः पुष्टि गरेका छन् । तिनीहरूलाई लागू गर्न सँगै मिलेर काम गरिरहेको बताएका छन् तर प्रतिबन्धहरू बारे ठोस नयाँ कदमहरू घोषणा भने गरेनन्।
उनीहरूले भर्खरै बैंकिङ क्षेत्रको उथलपुथलपछि वित्तीय स्थायित्व सुदृढ गर्ने आवश्यकतामा जोड दिदै भनेका छन् - सरकारहरू 'उपयुक्त कारबाही गर्न तयार छन्'। तीन क्षेत्रीय अमेरिकी बैंकहरू मार्चको शुरुदेखि नै ध्वस्त हुँदा ग्राहकहरू बीच त्रास बढेको छ । 'बैंकिङ प्रणालीमा डाटा, पर्यवेक्षक, र नियामक त्रुटिहरू सम्बोधन गर्ने' वाचा गर्दै, वित्त प्रमुखहरूले 'हाम्रो वित्तीय प्रणाली लचिलो छ' भनेर जोड दिन भने छोडेका छैनन् ।
निगाता वार्तामा ब्राजिल, भारत र इन्डोनेसियाका अर्थमन्त्रीहरूसँगै आईएमएफ, ओईसीडी र विश्व बैंकका प्रमुखहरू पनि सहभागी थिए।
विश्वको सबैभन्दा ठूलो अर्थतन्त्रले पहिलो पटक पूर्वनिर्धारितको सामना गर्नुपर्दा अमेरिकी ऋण सीमाको गतिरोधले छलफललाई आंशिक रूपमा ओझेलमा पारेको थियो।

# खेलकुद विकासमा स्थानीयतहको प्रतिबद्धता अपरिहार्य




**रासस**
**महोत्तरी।**
खेलकुद गतिविधि बढाउने भरपर्दो माध्यम भएकाले यसको विकासमा स्थानीय तहदेखि नै पहल हुनुपर्ने आवश्यकता औंल्याइएको छ।
शनिबार नेपाल सितोरियो कराते सङ्घ महोत्तरीको कार्यालय उद्घाटनका अवसरमा सहभागीले खेल मुख्यतः युवा सहभागी हुने क्षेत्र रहेको हुँदा यस क्षेत्रको विकासले सङ्गठित, अनुशासित र स्वस्थ समूह निर्माणमा सहयोग पुग्ने बताए । नेपाल कराते महासङ्घका केन्द्रीय सहअध्यक्ष दावा गुरुङ्ले युवालाई कुलतबाट जोगाउन खेलकुदको भूमिका महत्वपूर्ण हुने बताए । महासङ्घका केन्द्रीय सदस्य रामसिंह ठकुरी, मधेस प्रदेश अध्यक्ष रामचन्द्र ठाकुर, जिल्ला खेलकुद विकास समिति महोत्तरीका अध्यक्ष सुवासचन्द्रलाल कर्णसहितको सहभागिताको कार्यक्रममा महोत्तरीमा कार्यालय सञ्चालनमा आएसँगै अब कराते खेलको संस्थागत विकास हुने विश्वास गरिएको छ।
कार्यक्रममा बर्दिबास नगरपालिकाका प्रमुख प्रल्हादकुमार क्षत्रीले नगरमा सबै विधाका खेलको समुचित विकासका लागि संस्थागत प्रयत्न अघि बढेको बताए।
'हामीले खेलजगतमा सक्रिय रहनुभएका नगर खेलकुद विकास समिति गठन गरेका छौँ, समितिले छोटो अवधिमा खेलका विभिन्न विधाका प्रतिस्पर्धा आयोजना गरेका र गरिने क्रममा छन्', नगर प्रमुख क्षत्रीले भने, 'बर्दिबासबाट खेललाई मधेसभरिमै चिनाउने गरी थप प्रयत्न अघि बढाइँदैछन्।'

# इमरान खानको पार्टीका ५सय ४० कार्यकर्ता पक्राउ



**रासस**
**लाहोर।**
हिंसाको आरोपमा इमरान खानको पार्टीका थप ५४० जना नेता तथा कार्यकर्ता पक्राउ परेका छन्।
लाहोरको कोर्प्स कमाण्डर हाउसलगायात सार्वजनिक र निजी भवनमा आक्रमण गरेको आरोपमा प्रान्तभर आतङ्कवाद विरोधी ऐन अन्तर्गत दायर गरिएका मुद्दामा पञ्जाब प्रहरीले थप ५४० जनालाई गिरफ्तार गरेको छ । पक्राउ पर्नेहरूमा इमरान खान नेतृत्वको पाकिस्तान तहरीक-ए-इन्साफ (पीटीआई) का सदस्य रहेको डनले बताएको छ।
मे ९ देखि पञ्जाब प्रहरीले पार्टीका पदाधिकारी र सदस्य विरुद्ध प्रान्तभर २०५ वटा मुद्दा दायर गरेको छ । बिहीबार राति प्रहरी अधिकारी र पीटीआईका कर्मचारीबीच केहीबेर झडप भएको थियो । प्रहरीले जेल रोडमा रहेको पीटीआईको कार्यालयमा संदिग्ध ठानिएका पार्टीका सदस्यलाई पक्राउ गर्नका लागि स्टेशनमा सूचना जारी गरिएको थियो । पार्टीका सदस्यले प्रहरीलाई ढुङ्गा हानेको आरोपमा पक्राउ गरिएको छ।
अदालतबाट छोडिएपछि पीटीआई अध्यक्ष इमरान खानलाई स्वागत गर्न पार्टी समर्थक कार्यकर्ताहरू ठूलो संख्यामा भेला भएको खबर आएपछि शुक्रबार साँझ उनको जमान पार्क हवेली वरिपरि प्रहरीको उपस्थिति बढाइएको थियो ।पञ्जाब प्रहरीका प्रमुख डा उस्मान अन्वरले शुक्रबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, महत्वपूर्ण पूर्वाधार, सार्वजनिक र निजी सम्पत्ति दुबैमा आक्रमणका लागि जिम्मेवार अपराधीलाई कारबाही गरिने छ क्षमा दिइने छैन।

# हुथी विद्रोहीको आक्रमणमा सैनिकको मृत्यु



**रासस**
**एडेन।**
यमनको मारिब प्रान्तमा हुथी मिलिसियाले गरेको ड्रोन हमलामा कम्तीमा तीन यमनी सरकारी सैनिकको मृत्यु भएको । सरकारी अधिकारीले शुक्रबार सिन्ह्वालाई यसबारे पुष्टि गरेका हुन् ।नाम न छाप्ने शर्तमा स्थानीय सरकारी अधिकारीले हुथी समूहले रातभर मारिबको हरिब जिल्लामा रहेको सरकारी सैन्य प्रतिष्ठानहरूलाई लक्षित गरी गरेको ड्रोन आक्रमणमा तीन सैनिकको मृत्यु भएको हो । अधिकारीले भने, 'हुथीहरूले बिहीबार राति विस्फोटक पदार्थले भरिएको ड्रोनले हरिब क्षेत्रमा तैनाथ हाम्रा सैनिकहरूलाई निशाना बनाई ठूलो विस्फोट गराए ।' ड्रोन आक्रमण सरकारी सेना र इरान समर्थित हुथीहरू बीच चलिरहेको द्वन्द्वमा सापेक्ष शान्त अवधिको बीचमा हुने गरेको छ। यद्यपि आक्रमणका घटनाममा भने कमी आएको छ ।यमनको तेलसम्पन्न मारिब प्रान्त बहुमूल्य स्रोतहरूले नियन्त्रणको लागि विभिन्न गुटहरूलाई बीच झडप हुने गरेको छ।
हुथी मिलिशियाले सन् २०१४ मा सानाबाट थुप्रै उत्तरी शहरहरू आफ्नो नियन्त्रणमा लिएका छन् र सानाबाट साउदी समर्थित यमनी सरकारलाई हटाएपछि यमन गृहयुद्धमा फसेको छ। यस द्वन्द्वले ठूलो संख्यामा हताहती भएको छ र मानवीय सङ्कटको तर्फ धकेलिएको छ।

# खेलकुद पत्रकारिता पुरस्कार कोइरालालाई




**रासस**
**काठमाडौँ।**
युवा तथा खेलकुद मन्त्रालयले बागमती प्रदेशका सीताराम कोइरालालाई यस वर्षको खेलकुद पत्रकारिता पुरस्कार तथा सम्मान प्रदान गर्ने भएको छ।
मन्त्रालयबाट प्रकाशित सूचनाको म्यादभित्र प्राप्त आवेदनका मूल्याङ्कनका आधारमा उक्त पुरस्कारका लागि उहाँको नाम छनोट भएको हो । पुरस्कारको राशि रु ५० हजार र सम्मानपत्र छ । महिला र दलिततर्फको 'खेलकुद पत्रकारिता प्रोत्साहन पुरस्कार'का लागि कर्णाली प्रदेशका ज्योति कटुवाल र गण्डकी प्रदेशका दीपक परियारको नाम छनोट भएको छ। पुरस्कारको राशि रु २५ हजार छ।
मन्त्रालयले प्रदेशतर्फको 'पत्रकारिता प्रोत्साहन पुरस्कार' अर्जुनकुमार सुवेदी (कोशी प्रदेश), सञ्जीवकुमार साह (मधेस प्रदेश), सुवास बिडारी ( बागमती प्रदेश) धनबहादुर गुरुङ (गण्डकी प्रदेश), विजय नेपाल (लुम्बिनी प्रदेश) ललितबहादुर बुढा ( कर्णाली प्रदेश) र पूर्णबहादुर खड्का (सुदूरपश्चिम प्रदेश) लाई प्रदान गर्ने भएको छ। उक्त पुरस्कारको राशि रु २५ हजार नगद रहेको छ।
मन्त्रालयले खेलकुद क्षेत्रमा निरन्तर कलम चलाउने क्रियाशील पत्रकारलाई प्रतिस्पर्धाका आधारमा हरेक वर्ष यस खाले पुरस्कार प्रदान गर्दै आएको छ । मन्त्रालयले विश्व बुढामगर (रुकुमपूर्व), मीना ग्लान (नुवाकोट), गीता विष्ट (कैलाली), नीरज देउवा ( डडेलधुरा) र प्रेमकुमार दर्नाल (सर्लाही)लाई राष्ट्रिय खेलकुद प्रतिभा सम्मान प्रदान गर्ने निर्णय गरेको छ। उक्त सम्मान खेलाडी पारातर्फ रामबहादुर तामाङ (सिन्धुपाल्चोक), प्रशिक्षकतर्फ नारा श्रेष्ठ गुरुङ ( धनकुटा), निर्णायक रेफ्रीतर्फ दीपेन्द्र ढकाल ( काभ्रेपलाञ्चोक) र चिकित्सकतर्फ प्राडा नवीसमानसिंह प्रधान (ललितपुर) छन्। उनीहरुलाई जनही रु एक लाख नगद र सम्मानसहितको पुरस्कार प्रदान गरिने छ।

# अश्वेत नागरिकको घाटी थिची हत्या



**रासस**
**न्युयोर्क।**
श्वेत अमेरिकी मरीन वेटर डेनियल पेनीले स्थानीय सबवे ट्रेनमा घरबारविहीन अश्वेत व्यक्ति जोर्डन नीलीलाई घाँटी थिचेर मरणासन्न पारी शुक्रबार बिहान न्यु योर्क प्रहरीसमक्ष आत्मसमर्पण गरेका छन् ।
पेनीलाई शुक्रबार दिउँसो म्यानहट्टन फौजदारी अदालतमा उपस्थित गराइदै छ ।
मे १ मा नीलीको मृत्यु भएकै दिनमा न्यु योर्क प्रहरीले पेनीलाई सोधपुछ मात्र गरेर रिहा गरेको थियो जसका कारण व्यापक विरोध प्रदर्शन भएको थियो । मे ३ मा नीलीको हत्या भएको अनुसन्धानबाट पुष्टि भएपछि मुद्दा अगाडि बढाइएको छ ।
म्यानहट्टन जिल्ला न्यायाधिवक्ताको कार्यालयका प्रवक्ताले बिहीबार पेनीलाई नरसंहारको आरोपमा पक्राउ गरिने बताएका छन् ।

# आँधीबाट बच्न हजारौं मानिसलाई सुरक्षित स्थलतर्फ सारिँदै



**रासस**
**म्यान्मार ।**
बङ्गालको खाडीमा एक दशकभन्दा लामो समयदेखिको सबैभन्दा शक्तिशाली चक्रवातका कारण म्यानमारको पश्चिमी तटबाट हजारौं मानिस भागेका छन् भने छिमेकी देश बङ्गलादेशका अधिकारीहरू शनिबार रोहिंग्या शरणार्थीलाई बाहिर निकाल्न दौडेका छन् ।भारतको मौसम विज्ञान विभागका अनुसार 'मोचा' नाम दिइएको चक्रवातले २२० किलोमिटर प्रतिघण्टा (१३६ माइल प्रतिघण्टा) को गतिमा हावा चलिरहेको बताइएको छ ।करिब १० लाख रोहिङ्ग्या शरणार्थीहरू बस्ने कमजोर आश्रयस्थल कोक्स बजार र म्यान्मारको पश्चिमी रखाइन तटमा रहेको सिट्वेको बीचमा आइतबार बिहान आँधी कमजोर हुने अनुमान गरिएको छ ।
एएफपीका संवाददाताका अनुसार शनिबार सिट्वेका बासिन्दाले कार, ट्रक र तीन पाङ्ग्रे ( टेम्पो)मा आफ्नो सम्पत्ति र घरपालुवा जनावर जम्मा गरी सुरक्षित स्थलतर्फ हिँडेका छन् ।'हाम्रो परिवारमा हजुरआमा हुनुहुन्छ र हामीले उहाँको हेरचाह गर्नुपर्छ,' खिने मिनले राज्यको राजधानीबाट बाहिरिने बाटोमा आफ्ना नातेदारहरूले भरिएको ट्रकबाट एएफपीलाई बताए ।
हाम्रो घरको हेरचाह गर्न सिट्वेमा एक जना मात्र मानिस बाँकी छन् । करिब एक लाख ५० हजार मानिसहरूको बसोबास रहेको यस शहरमा पसल र बजारहरू बन्द गरिएका थिए र धेरै स्थानीयहरू अग्ला स्थानमा रहेका गुम्बाहरूमा आश्रय लिएका थिए । आँधीका कारण सबै जना सुरक्षितस्थलतर्फ भागेको बताउँदै चालीस वर्षीय क्याव टिनले आफ्नो छोरा स्थानीय अस्पतालमा रहेकाले त्यहाँबाट बाहिर जान नसक्ने बताए ।
'यो चक्रवात हाम्रो राज्यमा आउनेछैन भन्नेमा हामी आशावादी छौं । तर यदि यस्तो नियति भयो भने हामी यसलाई नजरअन्दाज गर्न सक्दैनौं,' उनले भने ।
सन् २००८ मा दक्षिणी म्यान्मारमा एक लाख ३० हजारभन्दा बढी मानिसको ज्यान जाने गरी आएको आँधीलाई सङ्केत गर्दै उनले भने, 'मलाई चिन्ता छ कि यो चक्रवातले 'नरगिस'ले जस्तै हाम्रो राज्यलाई पनि असर गर्नेछ ।'म्यान्मारको जुन्टा अधिकारीहरूले राखिन तटमा रहेका गाउँहरूबाट स्थानान्तरणको निगरानी गरिरहेको सरकारी सञ्चार माध्यमहरूले शुक्रबार जनाएका छन् । म्यान्मार एयरवेज इन्टरनेसनलले रखाइन राज्यका लागि आफ्ना सबै उडान सोमबारसम्मका लागि स्थगन गरिएको जनाएको छ ।

# हतियार आपूर्ति गर्न ईयूका बोरेलको आग्रह



**रासस**
**स्टकहोम।**
युरोपेली सङ्घ (ईयू) का विदेश नीति प्रमुख जोसेप बोरेलले रूसी आक्रमणको प्रतिकार गर्न युक्रेनलाई लामो दूरीका हतियार उपलब्ध गराउन युरोपेली राष्ट्रहरूलाई आह्वान गरेका छन्।
'रूसीहरूले टाढाबाट बम बारी गरिरहेका छन्, त्यसैले युक्रेनीहरूसँग 'उही दूरी, उही दायरा' मा पुग्न सक्ने क्षमता हुनुपर्दछ,' युक्रेनका विदेशमन्त्री दिमित्रो कुलेबासँग स्टकहोममा भएको भेटपछि बोरेलले भने।
जर्मनीले युक्रेनका लागि दुई अर्ब ७० करोड युरो (दुई अर्ब ९५ करोड अमेरिकी डलर) बराबरको नयाँ हतियार प्याकेज घोषणा गरेसँगै उनले भने, 'तर हामीले गति लिनुपर्छ ।''म जर्मनीको प्रयासको स्वागत गर्दछु र सबै सदस्य राष्ट्रहरूलाई यस उदाहरणलाई अनुसरण गर्न आमन्त्रण गर्दछु,' बोरेलले भने। बिहीबार बेलायतले युक्रेनमा आफ्नो स्टा'र्म स्याडो क्षेप्यास्त्र पठाउने घोषणा गरेको थियो र कीभलाई लामो दूरीका हतियार उपलब्ध गराउने पहिलो देश बनेको थियो । युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले पूर्वी युक्रेनमा रूसी सेनाविरुद्ध व्यापक रूपमा अपेक्षित प्रतिआक्रमण अघि पश्चिमी मित्रराष्ट्रहरूलाई थप उन्नत हतियार उपलब्ध गराउन आग्रह गर्दै आएका छन्। 'प्रतिआक्रमण कहिले सुरु हुन्छ भनेर सोध्नुको सट्टामा के युक्रेनी प्रति-आक्रमण सुरु गर्न र सफल बनाउन आफुले पर्याप्त सहयोग गरेको छु भन्ने सोच्नु अनिवार्यै भएको छ, कुलेबाले बोरेलसँगको पत्रकार सम्मेलनमा भनेका थिए।

# अब जनकपुरधाममा पनि रात्रीकालीन बजारको अभ्यास



**किशोरी साह**
नगर उप्रप्रमुख,
जनकपुरधाम उपमहानगरपालिका

रात्रीकालीन बजारका लागि प्रशासनसँग कुराकानी तथा सरसल्लाह भयो । मध्यरातसम्म बजार सञ्चालन गर्नुपूर्व शान्ति सुरक्षाको अवस्था र व्यवस्थाका लागि आन्तरिक गृहकार्य चाहिन्छ । यसका लागि प्रमुख जिल्ला अधिकारी काशीराज दाहाल, जनकपुरधाम उद्योग वाणिज्य संघका पदाधिकारी र सुरक्षानिकायका अधिकारीसँग पनि रात्रीकालीन बजारका लागि छलफल भएको छ । यसका लागि सबै पक्ष सकारात्मक रहे पनि रात्रीकालीन बजार प्रबन्धका लागि आन्तरिक गृहकार्यसमेत थालिएकाले जनकपुरधाममा पनि राति बजार लाग्ने र चहलपहल बढ्ने अपेक्षा छ। यसप्रति प्रमुख जिल्ला अधिकारी दाहाल पनि सकारात्मक रहनु भएको पाइयो। मधेश प्रदेशकै अन्य जिल्ला मुकाममा रात्रीकालीन बजारको अभ्यास भइरहँदा जनकपुरधाममा पनि गर्न सकिने विश्वास छ।

नेपाल घुम्न आउने भारतीय तथा अन्य मुलुकका विदेशी पर्यटकीयलाई सहज ढंगले यहाँ घुमफिर गर्ने वातावरणलाई मध्यनजर गर्दै रात्रीकालीन बजारको अभ्यास सुरु गर्नुअघि बजारको व्यवस्थापनका लागि एउटा टास्क फोर्स गठन गरिएको प्रमुख जिल्ला अधिकारीले बताउनु भएको छ। टास्कफोर्समा सरोकारवाला पक्षबाट पनि प्रतिनिधि सम्मिलित टोली छन्। कार्यदलले रात्रीकालीन बजार सञ्चालनका लागि प्रतिवेदन तयार गरी बुझाएपछि बजार व्यवस्थापनका लागि कार्य योजना बनाउने र यसका बजारमा के कति प्रहरी परिचालन गरिनु पर्छ, यसका लागि पनि सुरक्षा निकाय र प्रमुख जिल्ला अधिकारीले गम्भीररुपमा लिनुभएको छ।



**जितेन्द्र महासेठ**
अध्यक्ष,
जनकपुरधाम उद्योग वाणिज्य संघ

हामीले लामो समयदेखि राति १२ बजेसम्म बजार खुल्नु पर्छ भन्दै प्रहरी प्रशासनसमक्ष दबाबस्वरुप माग गर्दै आएको थियौँ। तर कसैले पनि यसप्रति वास्ता देखाएनन्।

तर केही साताअघिदेखि मधेश प्रदेशको एक मात्र वीरगंज महानगरपालिकामा रात्रीकालीन बजारको अभ्यास थालिएको छ। जसले गर्दा हामीलाई बल पुगेको छ। हामीले पनि धनुषाका प्रमुख जिल्ला अधिकारी काशीराज दाहाललाई भेटेरै जनकपुरधाममा राति १२ बजेसम्म व्यापार व्यवसाय सञ्चालनका लागि सुरक्षा व्यवस्था मिलाउनुहोस् भन्दै ज्ञापनपत्र बुझायौँ। यसप्रति हरेक सरोकारवाला सकारात्मक रहेको देखिएको छ।

यदी जनकपुरधाममा पनि रात्रीकालीन बजार लाग्नसके सीमावर्ती क्षेत्रबाट आउने पर्यटकलाई रातिसम्म भन्सारबाट हुने कामकारबाहीको सुविधाको व्यवस्था, बजारका लागि सुरक्षाको व्यवस्थापन, अनुगमनलगायतका यावत कुरामा ध्यान दिनुपर्ने हुन्छ। यसका लागि प्रमुख जिल्ला अधिकारीले पनि रात्रीकालीन बजारका लागि टास्क फोर्स गठनका लागि आदेश पनि दिनुभयो। त्यस्तै उद्योग वाणिज्य संघ र जनकपुरधाम उपमहानगरपालिकालगायत अन्य सरोकारवालसँग पनि सकारात्मकरुपमा कुराकानी अघि बढिरहेको छ। रात्रीकालीन बजार जनकपुरधामका लागि नयाँ सिकाइ पनि हुनेछ। यसले रात्रीकालीन बजारका लागि केही गर्न सकिन्छ कि भन्ने सबैको जिज्ञासा र चासोको विषय पनि बनेको छ।

यसका लागि प्रशासन, प्रहरी, स्थानीय सरकार, प्रदेश सरकार र केन्द्र सरकारको पनि ध्यान जानु पर्छ। तपाईं पत्रकारहरुले पनि जनकपुरधामबारे यहाँको बजार व्यवस्थापनका लागि पनि आफ्नो ठाउँबाट आवाज उठाइदिनु होला।



**काशीराज दाहाल**
प्रमुख जिल्ला अधिकारी,
जिल्ला प्रशासन कार्यालय धनुषा

जनकपुरधाममा रात्रीकालीन बजार व्यवस्थापन तथा सञ्चालनका लागि शुक्रबार जनकपुरधाम उद्योग वाणिज्य संघको एक टोलीले ज्ञापन पत्र बुझाएको छ। जनकपुरधाम नगर क्षेत्रमा राति १२ बजेसम्म व्यापार व्यवसाय सञ्चालनका लागि माग गर्दै बुझाएको ज्ञापनपत्रप्रति हामी सकारात्मक छौँ। विगत जस्तो जनकपुर रहेन। धेरै कुराहरु फेरिएको छ।

ऐतिहासिक धार्मिक नगरी जनकपुरधामलाई पर्यटनीय नगरीको रुपमा विकास गर्ने कुराहरु पनि छन्। यसका लागि पर्यकीयस्थल तथा पर्यटक तान्न विभिन्न उपायहरु गरिनु पनि पर्छ। आन्तरिक तथा बाहिरी पर्यटकको उल्लेख्य संख्यामा जानकी मन्दिर दर्शनदेखि भ्रमण गर्नसम्म आउनेको भिड दिनहुँ बढ्ने क्रम पनि जारी छ।

आन्तरिक तथा बाहिरी पर्यटकीय जनकपुरधाममा आउँदा प्रायः खाना, बस्न, आराम गर्न र घुमफिर गर्न खोज्ने गर्छन्। तर समयसीमाभित्र नै बजार पसल, होटेल बन्द भएपछि तत्कालै आएका पर्यटकलाई पनि समस्या हुने गरेको गुनासो व्यवसायीको छ। जसले गर्दा हामीले पनि आफ्नो ठाउँबाट सकारात्मकरुपमा लिएका छौँ। यसका लागि एउटा टास्कफोर्स गठन गरी रात्रीकालीन बजार सञ्चालनका लागि अध्ययन गरी कार्य योजना तयार गर्ने छ। र, सो अनुसार शान्ति सुरक्षालाई ध्यान राख्दै राति १२ बजेसम्म बजार खोल्न पनि तयार पारिएको अध्ययन प्रतिवेदनले मदत मिल्नेछ।

**किरण कर्ण**
**जनकपुरधाम।**

मधेश प्रदेशको राजधानी जनकपुरधाममा पनि रात्रीबजार सञ्चालनका लागि व्यवसायीले सुरक्षा निकाय र स्थानीय तहसँग अनुमति मागेका छन्। यद्यपि मधेश प्रदेशको राजधानी जनकपुरधाममा राति ९ बजेपछि पसलदेखि होटेल व्यवसाय बन्द गर्नुपर्ने प्रहरीप्रशासनको द्वन्द्वकालीन शासन कायम छ।

विगतमा द्वन्द्वकाल र विभिन्न आपराधिक घटनालाई नियन्त्रणमा लिन प्रहरीप्रशासनले राति ९ बजेसम्म मात्रै बजार खोल्न तथा सञ्चालन गर्न पाउने र घुमफिरमा समेत कडाई गरेको थियो। त्यतिबेला यसको कतैबाट विरोध नभए पनि मधेश प्रदेशको राजधानी, जानकीनगरमा यो व्यवस्थाले विदेशबाट घुम्न आउनेलाई गासबासमा समस्या हुने गरेको थियो। तर अब संगठितरुपमै रातिसम्म बजार, व्यवसाय र होटेल सञ्चालन हुनुपर्ने भन्दै आवाज उठ्न थालेको छ।

जनकपुरधाममा राति १२ बजेसम्म व्यापार व्यवसाय सञ्चालनका लागि सुरक्षा व्यवस्था मिलाइदिन जनकपुरधाम उद्योग वाणिज्य संघले स्थानीय प्रशासनसँग माग गरेको छ। शुक्रबार धनुषाका प्रमुख जिल्ला अधिकारी काशीराज दाहाललाई जनकपुरधाम उद्योग वाणिज्य संघको टोलीले ज्ञापनपत्र बुझाउदै जनकपुरधाम नगर क्षेत्रमा राति १२ बजेसम्म व्यापार व्यवसाय सञ्चालनका लागि माग गरे।

धार्मिक नगरी जनकपुरधामसहित मुलुकलाई पर्यटकीय नगरीको रुपमा अघि सारेपछि यहाँ आन्तरिक तथा बाहिरी पर्यटकीयको उल्लेख्य संख्यामा जानकी मन्दिरमा दर्शनदेखि भ्रमण गर्नसम्म आउनेको भिड बढ्दै गएको छ।





नेपालमा भारतीय तथा अन्य मुलुकका पर्यटकीय जनकपुरधाम आउँदा प्रायः खाना, बस्न, आराम गर्न र घुमफिरमा समेत सकस हुदैँ आएकोले होटल, रेष्टुरेन्ट, किराना पसल, फलफुल, फाष्टफुडसहितका पसल खोल्नसमेत शान्ति, सुरक्षाको व्यवस्था मिलाउन माग गरिको जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठले बताए।

जनकपुरधामलाई धार्मिक नगरीका रुपमा पर्यटकीय स्थल बनाउन पनि रात्रीकालीन बजारको अवधारणाले सेवाग्राही, व्यवसायी, पर्यटक तथा देशलाई समेत फाइदा हुने उनको भनाइ छ। जनकपुरधाम उपमहानगरपालिकाका नगर उपप्रमुख किशोरी साहले स्थानीय प्रशासनसँग सरसल्लाह गरिएको बताए। उनले शान्ति सुरक्षा प्रबन्ध गर्नुपर्ने उल्लेख गरे। प्रमुख जिल्ला अधिकारी र सुरक्षा निकायका प्रमुखहरुसँग समेत रात्रीकालीन बजारका लागि छलफल भएको उनले बताए। मधेश प्रदेशकै अन्य जिल्ला मुकाममा रात्रीकालीन बजारको अभ्यास भइरहँदा जनकपुरधाममा पनि गर्न सकिने उनले बताए।

## जनमतको विभिन्न भ्रातृसंगठन गठन



**मधेशदृष्टि**
**जनकपुरधाम।**

डा.सिके राउत नेतृत्वको जनमत पार्टीको विभिन्न भातृसंगठनको जिल्ला समितिहरु गठन भएको छ। शनिबार बसेको बैठकबाट भातृसंगठनहरुका धनुषा जिल्ला पदाधिकारीहरु तोकिएका हुन्।

जनमतको भातृसंगठन युवा जनमत संघका धनुषा संयोजकमा देव महरा चयन भएको छ भने सहसंयोजकद्वयमा धर्मनाथ साह र इजाज अंसारी चयन गरिएको हो। त्यसैगरि चिकित्सक जनमत संघका संयोजकमा डा.अशोक साह चयन भएको छ भने सहसंयोजकद्धयमा डा.सुनिल महासेठ र खुशी पाण्डे चयन भएका छन्।

त्यस्तै खेलकुद जनमत संघको संयोजकमा ललन यादब र सहसंयोजकमा समसुदिन राजा चयन भएको छ भने मस्लिम जनमत संघको संयोजकमा हारुल नदाफ चयन गरिएको छ।

पार्टीको अन्य भातृसंगठन एव मोर्चाको जिम्मेवारी आइतबारको बैठकबाट तोकिने पार्टीका नेता विपी साहले जानकारि दिएका छन्।

त्यस्तै शनिवारनै जनकपुरधाम स्थित जनमत पार्टीको केन्द्रीय सचिवालयमा धनुषा जिल्ला इन्चार्ज सुरेन्द्र कुमार मण्डलको अध्यक्षता र जनमत पार्टीका नेता बीपी साहको प्रमुख आतिथ्यमा पार्टी प्रवेश कार्यक्रम सम्पन्न भएको छ।

विभिन्न पार्टी परित्याग गरी छुट्टाछुट्टै समूहमा एक सय जनाभन्दा बढीले जनमत पार्टी प्रवेश गरेका हुन्।

## झालाई पत्रकारिता पुरस्कार

**मधेशदृष्टि**
**रौतहट।**

नेपाल पत्रकार महासंघ रौतहटले 'मनोज चौधरी स्मृति पत्रकारिता पुरस्कार' २०८० राष्ट्रिय समाचार समिति (रासस)का अध्यक्ष धर्मेन्द्र झालाई दिने भएको



छ। जेठ २० गते शनिबार कार्यक्रम गरेर झालाई पुरस्कार प्रदान गरिने महासंघले जनाएको छ। २५ हजार रुपैयाँ राशीको पुरस्कार अघिल्लो वर्ष गोरखापत्रका नायव कार्यकारी सम्पादक कुमार विवेकानन्द मिश्रलाई प्रदान गरिएको थियो।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम-२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१-५९०२८९, E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन